# हतुवागढी राजपत्र

**हतुवागढी गाउँपालिकाद्वारा प्रकाशित**

खण्ड : ९ सङ्ख्या : ९ मिति : २०८२/०४/२४


## भाग-२

## <u>हतुवागढी गाउँपालिका</u>

हतुवागढी गाउँपालिका गाउँकार्यपालिकाको बैठकले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको बेहोरा अनुरोध छ ।

स्वीकृत मितिः २०८२/०४/२४

# कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना :-** हतुवागढी गाउँपालिकाबाट संचालन हुने कृषि विकास समबन्धि कार्यक्रमहरुलाई सरल, छिटो, छरितो, पारदर्शी, प्रभावकारी एवम सेवामुखी बनाउन तथा कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम निश्चित विधि र प्रकृयामा एकरुपता कायम राखी सञ्चालन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधान, २०७२ को अनुसुची – ८ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि स्वीकृत गरि लागु गरिएको छ ।

## परिच्छेद - १
## प्राम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम "कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ रहनेछ ।

(ख) यो कार्यविधि हतुवागढी गाउँ कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "**गाउँपालिका**" भन्नाले हतुवागढी गाउँपालिका (गा.पा.) सम्झनुपर्दछ ।

(ख) "**अनुदान**" भन्नाले हतुवागढी गाउँपालिकाद्वारा बाली तथा पशुपन्छीजन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि कृषक, कृषक समूह, सहकारी, उद्यमीलाई उपलब्ध गराउने नगद वा जिन्सी सहयोगलाई सम्झनुपर्दछ ।

(ग) "**अनुदानग्राही**" भन्नाले हतुवागढी गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान प्राप्त गर्ने कृषक, कृषक समूह, सहकारी, उद्यमी सम्झनुपर्दछ ।

(घ) "**कृषि**" भन्नाले विभिन्न खाद्यान्न बाली, तरकारी बाली, फलफुल बाली, औद्योगिक बाली, च्याउ, मह, पशुपन्छी तथा मत्स्य उत्पादन, बजारीकरण तथा प्रशोधन सम्बद्ध व्यवसाय सम्झनुपर्दछ ।

**(ङ) "परिवार"** भन्नाले अनुदानग्राहीको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बावु, आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्दछ ।

तर सो शब्दले अंशवण्डा गरी वा मानो छुट्टिइ आ आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(च) "**सभा**" भन्नाले हतुवागढी गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्दछ ।

(छ) "**सम्झौता** " भन्नाले हतुवागढी गाउँपालिका र अनुदाग्राहीका बीच प्रचलित कानून बमोजिम भएको शर्तनामा सहितको लिखतलाई सम्झनुपर्दछ ।

(ज) "**कृषि विकास शाखा**" भन्नाले हतुवागढी गाउँपालिकाको कृषि विकास शाखा सम्झनुपर्दछ ।

(झ) "**सेवा केन्द्र**" भन्नाले हतुवागढी गाउँपालिका मातहतको कृषि तथा पशु सेवा केन्द्र सम्झनुपर्दछ ।

(ञ) **"कार्यक्रम"** भन्नाले हतुवागढी गाउँपालिकाको कृषि विकास कार्यक्रम सम्झनुपर्दछ ।

(ट) **"समुह"** भन्नाले हतुवागढी गाउँपालिका भित्रका तथा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकायमा विधिवत रुपमा दर्ता भएको कृषि कार्यमा संलग्न सकृय कृषक समूह सम्झनुपर्दछ ।

(ठ) **"सहकारी संस्था"** भन्नाले सहकारी ऐन , २०७४ बमोजिम दर्ता भएको सहकारी संस्थालाई जनाउनेछ ।

(ढ) **"फर्म"** भन्नाले हतुवागढी गाउँपालिका भित्रका तथा एकल वा साझेदारी स्वामित्वमा रहि नेपाल सरकारको कुनै पनि आधिकारिक निकायमा विधिवत रुपमा दर्ता भएको कृषि कार्यमा संलग्न सकृय कृषि फर्म सम्झनुपर्दछ ।

(ण) **"अनुगमन तथा मुयांङ्कन समिति"** भन्नाले हतुवागढी गाउँपालिकाको कृषि विकास कार्यक्रमहरु संचालन गर्न स्थलगत अनुगमन, निरिक्षणका लागि दफा - ५ बमोजिम गठित समिति बुझ्नुपर्दछ ।

## ३. उद्देश्यहरुः

यस कार्यविधिको उद्देश्यहरु देहाय बमोजिम रहने छन् ।

(क) कृषि व्यवसायको उद्यमशिलता प्रवर्द्धन एवं व्यवसायिकरण गर्नका लागि आवश्यक प्रविधि तथा सिपलाई लक्षित वर्गसम्म पुर्याउन सहयोग स्वरुप अनुदान तथा टेवा प्रदान गर्ने ।

(ख) कृषि व्यवसाय तथा उद्यम व्यवसायहरुको विकास एवं विस्तार गर्न उपभोक्ताहरुलाई उत्प्रेरित गर्ने ।

(ग) कृषिजन्य बालीहरुको उत्पादन लागत घटाई स्वदेशी उत्पादनलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धी बनाउने

(घ) कृषि व्यवसायलाई थप रोजगारको अवसर सृजना गरि आयआर्जनमा प्रेरित गर्दै लैजाने।

(ङ) प्राङ्गारिक खेतिलाई जोड दिँदै प्राङ्गारिक उत्पादन क्षेत्रको रुपमा विकास गर्दै लैजाने ।

(च) स्थानिय स्रोत साधनको उपयोगमा जोड, कृषि जैविक विविधताको संरक्षण, सम्वर्धन एवं दिगो र वैज्ञानिक उपयोग गरी पर्यावरणिय सन्तुलन कायम गर्न सहयोग पुर्याउने ।

(छ) सरकारी, गैह्र सरकारी तथा निजि संस्थाहरुको क्षमता अभिवृद्धि गर्दै श्रोत केन्द्र सुदृढिकरण र दिगो सेवा प्रदान गर्ने ।

(ज) प्रत्येक वडालाई बाली विशेष क्षेत्रको रुपमा विकास गर्दै लैजाने ।

(झ) वास्तविक कृषकहरुलाई अनुदान उपलब्ध गराउने ।

(ञ) अनुदानका कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी कृषि जन्य उपजमा गाउँपालिकालाई आत्मनिर्भर बनाउने ।

# परिच्छेद - २

## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

### ४. कार्यक्रम कार्यान्वयन प्रकृया :

(क) गाउँपालिकाको स्वीकृत कार्यक्रम कार्यान्वयनको लागि अनुसुची – १ बमोजिमको ७ देखी २१ दिनसम्मको सार्वजनिक सूचना टाँस गरि प्रस्ताव आव्हान गर्नेछ ।

(ख) सूचनामा उल्लेख भएबमोजिम कार्यक्रम सञ्चालनका लागि उपयुक्त र ईच्छुक प्रस्तावकहरुले अनुसुची — २ बमोजिमको आवेदन, अनुसुची — ३ बमोजिमको व्यवसायिक योजना , अनुसुची — ४ बमोजिमको स्वोः घोषणा पत्र, अनुसुची — ६ बमोजिमको लागत साझेदारी प्रतिवद्धता तथा कार्यालयले माग गरेको अन्य आवश्यक सान्दर्भिक कागजातहरु संलग्न राखी निर्धारित समय भित्र गाउँपालिकामा वा गाउँपालिकाले तोकेको वडा कार्यालयहरुमा आवेदन दर्ता गर्नुपर्नेछ ।

(ग) दफा — ४ उपदफा (क) बमोजिम सूचनाको आधारमा निर्धारित समयभित्र पर्याप्त निवदेनहरु दर्ता हुन नआएमा गाउँपालिकाले ७ दिनसमम्म म्याद थप गर्न सक्नेछ ।

(घ) रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारबाही हुने छैन ।

(ङ) प्राप्त प्रस्तावहरुको प्रारम्भिक छनौट र स्थलगत प्रमाणिकरण, अनुगमन तथा मुल्यांकन समितिले गर्नेछ ।

(च) अनुगमन तथा मुल्यांकन समितिले कार्यक्रम अनुसार तोकिएका सूचकहरुको आधारमा प्रस्तावकहरुको स्थलगत प्रमाणिकरण तथा मूल्यांकन गर्नुपर्नेछ, मूल्यांकन गर्दा ५० प्रतिशत भन्दा कम अंक प्राप्त भएमा अनुदानको लागि अयोग्य हुनेछ ।

(छ) अनुगमन तथा मुल्यांकन समितिले आवश्यक ठानेमा रीतपूर्वक दर्ता भएका प्रस्तावहरुको प्रारम्भिक छनौट सहितको सूचि पेश गर्नको लागि सम्बन्धित शाखाको कर्मचारीलाई जिम्मेवारी दिन सक्नेछ ।

(ज) समितीले प्राप्त आवेदनहरुको मूल्यांकन गरि प्राथमिकताक्रम तोकी निर्णयका लागि कार्यालय प्रमुख समक्ष पेश गर्नेछ ।

(झ) कार्यालय प्रमुखको स्वीकृती पश्चात छनौट भएका र बैकल्पिक सूचिमा परेका आवेदकहरुको नामावली र सम्झौता गर्न आउने म्याद समेत तोकी गाउँपालिकाको सूचना पाटी र वेभसाईटमा प्रकाशन गरिनेछ ।

**५. अनुगमन तथा मूल्यांकन समिति** :- हतुवागढी गाउँपालिकाको कृषि विकास कार्यक्रमहरुको स्थलगत अनुगमन, निरिक्षण गर्न देहाय अनुरुपको समिति रहनेछ ।

क. गाउँपालिका उपाध्यक्ष — संयोजक
ख. प्रमुख प्रशासकीय अधिकृत — सदस्य
ग. योजना शाखा प्रमुख - सदस्य
घ. आर्थिक विकास समितिको संयोजक — सदस्य
ङ. पशुपन्छी सेवा शाखा प्रमुख वा पशुपन्छी सेवा शाखाका १ जना कर्मचारी — सदस्य

च. कृषि शाखा प्रमुख — सदस्य सचिव

आवश्यकता अनुसार समितिले सम्बन्धित सरोकारवालाहरुबाट र सम्बन्धित विषयविज्ञ प्राविधिकहरुलाई प्रयोग गरि अनुगमन मूल्यांकन गर्न सकिनेछ ।

**६. अनुगमन तथा मूल्यांकन समितिको काम कर्तव्य अधिकार**

क. म्याद भित्र काजगात पुगेका प्रस्तावहरुलाई मात्र मान्यता दिने ।

ख. रितपूर्वक दर्ता भएका प्रस्तावहरुमध्ये तोकिएको कागजातहरु पुरा भएका प्रस्तावहरुको स्थलगत प्रमाणिकरण गर्ने ।

ग. स्थलगत अनुगमन तथा प्रमाणिकरण गरि उत्कृष्ट देखिएका प्रस्तावहरुलाई छनौट गर्नुपर्ने ।

घ. कार्यक्रम संचालन छिटो, छरितो, गुणस्तरिय बनाउन अनुदानग्राहीहरुलाई आवश्यक सल्लाह, परामर्श तथा निर्देशन दिने ।

ङ. अनुदानको उपयोग, प्रगतिको अवस्था र कार्यविधि बमोजिम सर्तहरु पालन भए नभएको सम्बन्धमा नियमित अनुगमन र आवश्यकता अनुसार अनुदानग्राहीलाई निर्देशन दिने ।

च. अनुगमनपश्चात कार्यक्रम सम्पन्न अनुगमन प्रतिवेदन तयार गर्ने ।

**७. अनुगमन तथा मूल्यांकन समितिको सेवा सुविधा :-** समितिको सेवा सुविधा देहाय अनुरुप रहनेछ ।

| शिर्षक | पद | दररेट रुपैयाँमा |
|---|---|---|
| कार्यक्रम अनुगमन,स्थलगत प्रमाणिकरण / प्रतिदिन | अधिकृतस्तर | १६००।०० |
| | सहायकस्तर | १२००।०० |
| समितिको बैठक / प्रति बैठक | संयोजक | १२००।०० |
| | सदस्य | १०००।०० |

## परिच्छेद - ३

## अनुदान उपलब्ध गराउन सक्ने

**८. अनुदान सम्बन्धी व्यवस्था :**

(क) हतुवागढी गाउँपालिकाले कृषि तथा पशुपन्छीजन्य वस्तु उत्पादन, प्रशोधन, बजारीकरण, निर्यात प्रवर्द्धन, उत्पादन सम्बद्ध पूर्वाधार निर्माण, भण्डारण तथा प्रशोधन सम्वद्ध पूर्वाधार निर्माणमा सहयोग, भण्डारण तथा प्रशोधन सम्बद्ध बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्वद्ध यन्त्र, उपकरण, मेशिनरी, ढुवानी साधन खरिद, बाली

तथा पशुपन्छीजन्य उपज उत्पादन गरे बापत् प्रोत्साहन गर्न बार्षिक बजेटमा रकमको व्यवस्था गरी यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एउटा कामको लागि मात्र अनुदान उपलब्ध गराइनेछ ।

(ग) एक पटक संघिय सरकार, प्रदेश सरकार, गाउँपालिका वा आयोजनाबाट अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको परिवारलाई तीन वर्षसम्म सोही प्रकृतिको अनुदान उपलब्ध गराईने छैन ।

(घ) गाउँपालिकाबाट उपलब्ध गराईने अनुदान दफा - १५ बमोजिम हुनेछ ।

(ङ) एकै समुह, संस्था तथा कृषकलाई रु. १० लाख वा सो भन्दा बढीको लागत अनुमान भएको कार्यक्रम/परियोजनाको हकमा गाउँ कार्यपालिकको निर्णय अनुसार अनुदान प्रदान गरिनेछ ।

(च) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने अनुदानग्राहीले आफूले प्राप्त गरेको अनुदान रकम र अनुदान प्राप्ती पश्चात् आफ्नो व्यवसायको निरन्तरता दिनुपर्ने अवधि सार्वजनिक गर्नुपर्नेछ । व्यवसायको निरन्तरता अवधि अनुदान प्राप्त हुने व्यवसाय र रकमको आधारमा सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

(छ) अनुदानग्राहीले सबैले बुझ्ने भाषामा होर्डिङ्ग बोर्ड तयार गरि अनुदान प्राप्त रकम, कामको विवरण खुल्ने गरि सार्वजनिक जानकारीको लागि राख्नुपर्नेछ ।

**९. विशेष विषय वा क्षेत्र तोक्न सक्ने :-**

दफा (९) बमोजिमको अनुदान उपलब्ध गराउँदा गाउँपालिकाले अनुदान उपलब्ध गराउने विषय वा क्षेत्र देहायका आधारमा तोकिनेछ ।

**(क)** गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेखित विषय वा क्षेत्रहरु

**(ख)** गाउँपालिकाले विभिन्न समयमा विधिवत रुपमा गरेको अध्ययन अनुसन्धानले सिफारिस गरेका विषय वा क्षेत्रहरु

**(ग)** कार्यपालिकाले विभिन्न समयमा गरेका घोषणा तथा निर्णयमा उल्लेखित विषयहरु

**१०. अनुदानग्राहीसँग सम्झौता गर्नुपर्ने :-** कार्यालयले अनुदानग्राहीको छनौट र अनुदानको रकमको निर्धारण भएपश्चात अनुदानग्राहीसँग अनुसुची — ७ बमोजिको ढाँचामा सम्झौता गर्नपर्नेछ ।

**११. सम्झौता बमोजिम हुने :-** यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएपनि कुनै दातृ निकायको सहयोगमा सञ्चालित कार्यक्रम वा आयोजनाका क्रियाकलापहरु सञ्चालन गर्दा गाउँपालिका र दातृ निकाय बीच भएको सम्झौता वा आयोजना कार्यान्वयन दस्तावेज बमोजिम सञ्चालन हुने छ ।

**१२. अनुदानग्राही जिम्मेवार हुने :-** कुनै कारणबस सम्झौता अनुरुप तोकिएको समय भित्र कार्य सम्पन्न हुन नसकी अनुदान रद्द भएमा वा अनुदानको रकम भुक्तानी नभएमा अनुदानग्राही स्वंयम जिम्मेवार हुनेछ ।

**१३. भुक्तानी प्रकृया :-** अनुदानग्राहीले सम्झौता बमोजिमको कार्य सम्पन्न गरे पश्चात कार्यसम्पन्न प्रतिवेदन सहित, बिल विजक, भर्पाई, फोटोग्राफसहित आवश्यक कागजातहरु संलग्न राखी भुक्तानीको लागि अनुरोध गरेमा गाउँपालिकाले स्थलगत निरिक्षण र मूल्यांकन गरि मनासिब ठहरेमा सम्झौता अनुसारको रकम एकमुष्ट भुक्तानी गर्नेछ ।

**१४. असुल उपर गर्नु पर्ने :-**कार्यालयले यस कार्यविधि बमोजिम प्रवाह भएको अनुदान रकमको हिनामिना भएमा सम्बन्धित पक्षबाट सरकारी बाँकी सरह प्रचलित कानून बमोजिम असुल उपर गर्नेछ ।

## परिच्छेद - ४
## अनुदानका कार्यक्रमहरु

**१५.** गाउँपालिकाले देहाय अनुरुपका कार्यक्रमहरुमा अनुदान प्रदान गर्न सक्नेछ ।

| क.सं. | कार्यक्रमको नाम |
|---|---|
| क. | युवा लक्षि कृषि कार्यक्रम |
| ख. | मागमा आधारित कृषि कार्यक्रम |
| ग. | आकस्मिक बाली संरक्षण कार्यक्रम |
| घ. | फलफूल खेती प्रवर्धन कार्यक्रम |
| ङ. | प्लास्टिक घर निर्माण कार्यक्रम |
| च. | प्लास्टिक पोखरी निर्माण कार्यक्रम |
| छ. | बदाम खेती प्रवर्धन कार्यक्रम |
| ज | हलगोरु वितरण कार्यक्रम |
| झ. | अकबरे खेती प्रवर्धन कार्यक्रम |
| ण. | कृषि यान्त्रीकिकरणमा अनुदान कार्यक्रम |
| त. | मौरीपालन प्रवर्धन कार्यक्रम |
| थ. | प्राङ्गारीक मल तथा विषादी उत्पादन कार्यक्रम |

क. **युवा लक्षि कृषि कार्यक्रम :-** यो कार्यक्रममा कृषि व्यवसायमा संलग्न हुन चाहाने बैदेशिक रोजगारबाट फर्केका तथा स्थानिय युवायुवती (१८ देखी ५० वर्ष) लाई व्यवसायिक तरकारी, च्याउ र मह उत्पादन कार्यमा लक्षित हुनेछ ।

**(१)उदेश्य :-** युवाहरुलाई कृषि पेशामा आकर्षित बनाउने, रोजगारी सृजना गर्ने तथा कृषि उत्पादन वृद्धी गर्ने ।

**(२)न्यूनतम प्राविधिक मापदण्ड** :- तरकारी उत्पादन :- कम्तिमा ३ रोपनी क्षेत्रफलमा व्यवसायिक तरकारी खेति गर्नुपर्नेछ ।

च्याउ उत्पादन :- कन्ये च्याउ उत्पादन तथा Milky White च्याउको हकमा कम्तिमा दुई वटा १४ फिट चौडाई र २२ फिट लम्बाईका टहरामा च्याउखेती गर्नुपर्ने छ । गोब्रे च्याउ उत्पादनमा २००० के.जी. कम्पोष्ट मल तयार तथा प्रयोग भएको १४ फिट चौडाई र २२ फिट लम्बाईका टहरामा च्याउखेती गर्नुपर्ने छ ।

मह उत्पादन :- न्यूनतम १० वटा आधुनिक घारमा मौरीपालन गर्नुपर्नेछ वा १० घार मौरी थप गर्नुपर्नेछ ।

**(३)अनुदान प्राप्त गर्न सक्ने साझेदार** :- बैदेशिक रोजगारबाट फर्केका तथा स्थानिय १८ देखी ५० वर्षका युवायुवतीहरु

**(४)अनुदान** :- गाउँपालिकाले स्वीकृत क्रियाकलापहरु तथा लागत अनुमानको बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन सक्नेछ ।

ख. **मागमा आधारित कृषि कार्यक्रम** :- कृषकहरुले आफ्नो लगानीमा संचालन गर्ने जुन सुकै कृषि व्यवसायका लागि कृषकको कार्ययोजना अनुसार अनुदान सहकार्य गर्न सकिनेछ ।

(१) **अनुदान प्राप्त गर्न सक्ने साझेदार** :- कृषि फर्म, कृषि कम्पनी, कृषि उद्यमी

(२) **अनुदान :-** गाउँपालिकाले स्वीकृत क्रियाकलापहरु तथा लागत अनुमानको बढिमा ७५ प्रतिशतसम्म अनुदान उपलब्ध गराउन

ग. **आकस्मिक बाली संरक्षण कार्यक्रम** :- गाउँपालिका क्षेत्र भित्रका कुनै बालीहरुमा रोग तथा किराहरुको आकस्मिक प्रकोप आएमा बाली संरक्षण रोग किरा नियन्त्रणको लागी अभियान सञ्चालन गरिनेछ। उक्त अभियानमा प्रकोपग्रस्त क्षेत्रका कृषकहरुलाई विषादी अथवा सामग्री वा दुवै खरिद गरी पुर्ण अनुदानमा उपलब्ध गराउन सकिनेछ । साथै बाली उपचार शिविर समेत सञ्चालन गर्न सकिनेछ ।

घ. **फलफूल खेती प्रवर्धन कार्यक्रम** :- यस गाउँपालिकाको क्षेत्र भित्रमा उपयुक्त हुने हिउँदे, वर्षे, सुन्तलाजात लगायतका फलफुल बालीहरु लगाई कृषकको आयस्तरमा वृद्धि ल्याउनुको साथै फलफूल बालीको नर्सरी स्थापना, बगैंचा स्थापना, फलफुल बालीको क्षेत्रफल विस्तार गरि उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउन यो कार्यक्रम संचालन हुनेछ ।

(१) **उदेश्य** :-

- फलफुलको क्षेत्र विस्तार तथा पुराना वगैंचा सुदृढिकरण गर्ने
- फलफुलको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने
- किसानहरुको आय आर्जनमा वृद्धि तथा फलफुलको आयात प्रतिस्थापनामा सघाउ पुऱ्याउने र फलफुलको मूल्य श्रृङ्खला अभिवृद्धि गर्ने ।

(२) **अनुदान प्राप्त गर्न सक्ने साझेदार :-** कृषक समुह, कृषि सहकारी, जल उपोभोक्ता समिति, कृषि फर्म/कंपनी, कृषि उद्यमी

(३) **अनुदानग्राहीको न्यूनतम मापदण्ड** :- संस्थाले चाक्लाबन्दीखेती विस्तार गर्ने हकमा न्यूनतम १५० रोपनीमा फलफूलखेतीको विस्तार गर्नुपर्ने , गाउँपालिकाले अनुदानमा विरुवा वितरण गरेको हकमा व्यवसायिक रुपमा न्यूनतम ५० बोट बिरुवा रोप्नुपर्ने ।

(४) **क्रियाकलाप अनुसार गाउँपालिकाले प्रदान गर्ने अनुदान :-**

| सि.नं. | शिर्षक | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | फलफुल बगैंचा क्षेत्र विस्तार | श्रोत विरुवा खरिद | श्रोत बिरुवा खरिदमा अधिकतम ७५ प्रतिशत अनुदान | कार्यालयले सामाग्री खरीद गरि तोकिएको अनुदानमा |
| २. | फलफुल बगैंचा स्थापना प्रोत्साहन | प्लास्टिक घर निर्माण, बगैंचा रेखाङ्कन, विरुवा रोपण, खाडल | प्रचलित बजार अधिकतम ७५ प्रतिशत अनुदान | |

| सि.नं. | शिर्षक | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| | | खन्ने तथा मलखाद व्यवस्थापन | | वितरण गर्न सक्नेछ । |
| ३. | कृषि सामाग्री,औजार उपकरण खरिद तथा वितरण | पोलीब्याग, प्लास्टिक सिट, ग्रिन नेट, सिकेचर, खाडल खन्ने मेशिन, पावर/मिनि टिलर, घाँस काट्ने र गोड्ने मेशिन आदि | अधिकतम ७५ प्रतिशत अनुदान | |
| ४. | उन्नत प्रविधि अनुसरण | मल्चिङ तथा थोपा सिंचाई जडान | अधिकतम ७५ प्रतिशत अनुदान | |
| ५. | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), भूमिगत सिँचाई, पाईप, कुलो निर्माण, नविनतम प्रविधिमा आधारित सिंचाई (सौर्य सिंचाई) | अधिकतम ८५ प्रतिशत अनुदान | |
| ६. | प्राविधिक सहयोग | तालिम संचालन, अभिमुखिकरण,ल्याब सेवा, अनुगमन | शत प्रतिशत | |

**ङ. प्लास्टिक घर निर्माण कार्यक्रम :-** विविध जलवायुमा वर्षभरि गुणस्तरीय तथा आर्थिक रूपमा लाभदायी तरकारी उत्पादन गर्नु एक चुनौतीपूर्ण कार्य हो। परम्परागत खेतीपातीमा मौसमी अवरोध, रोग तथा किराको प्रकोप, र अनिश्चित मौसमले किसानहरूलाई ठूलो जोखिममा पार्छ। यसै समस्याको समाधानको रूपमा प्लास्टिक घरमा तरकारी एक अत्यन्तै प्रभावकारी, सस्तो र वैज्ञानिक प्रविधि हो। यसले न्यूनतम लागतमा नियन्त्रित वातावरण सिर्जना गुणस्तरियर तथा बेमौसमी तरकारी उत्पादनमा सहयोग पुग्छ। यो कार्यक्रम साना तथा सीमान्त किसानहरूलाई लक्षित गरि संचालन गरिनेछ ।

**(१)उदेश्य :-**

- मौसमी तथा बेमौसमी तरकारीको उत्पादन तथा उत्पादकत्व वृद्धी गर्ने
- रोजगारी सृजना गरि आय वृद्धि गर्ने

**(२) अनुदान प्राप्त गर्न सक्ने साझेदार :-** कृषक समुह, कृषि सहकारी, जल उपोभोक्ता समिति, कृषि फर्म/कंपनी, कृषि उद्यमी

(३) **अनुदानग्राहीको न्यूनतम मापदण्ड :-** कार्यालयले तोकेको ड्रईङ्ग, डिजाईन र ईस्टिमेटमा प्लास्टिक घर संरचना निर्माण गर्नुपर्ने ।

**(४) अनुदान :-** अनुदानग्राहीले तोकिएको ड्रईङ्ग, डिजाईन र ईस्टिमेटमा प्लास्टिक घर संरचना निर्माण गरेपछी अनुगमन पश्चात कार्यालयले सिल्पोलिन वा UV प्लास्टिक उपलब्ध गराउनेछ ।

**च. प्लास्टिक पोखरी निर्माण कार्यक्रम** :- हतुवागढी गाउँपालिकाको अधिकांश भौगोलिक क्षेत्रहरूमा आकाशे पानीको भरमा खेती गरिन्छ । कुल खेती भई रहेको जमिनको जम्मा ८.५ प्रतिशत मात्रै सिँचित जमिन रहेको हुदाँ कृषि उत्पादन सन्तोषजनक भएको छैन । खेर गएका पानी तथा आकाशे पानीलाई संकलन गर्न नसक्दा साना तथा सीमान्त किसानहरू विशेषगरी प्रभावित हुन्छन्। यस समस्याको समाधानको रूपमा प्लास्टिक पोखरी निर्माण गरि सिंचाइ अभाव भएका क्षेत्रका किसानहरूलाई लक्षित गरी जल संरक्षण, कृषि उत्पादकता र आय वृद्धि गर्न यो कार्यक्रम संचालन गरिनेछ।

**(१) उदेश्य :-**

- खेर जाने पानीको संरक्षण गरि सिचाँईको सुविधा विस्तार गर्ने
- कृषि उत्पादन र आय वृद्धि गर्ने

**(२) अनुदान प्राप्त गर्न सक्ने साझेदार :-** कृषक समुह, कृषि सहकारी, कृषि फर्म/कंपनी, कृषि उद्यमी

(३) **अनुदानग्राहीको न्यूनतम मापदण्ड :-** कार्यालयले तोकेको ड्रईङ्ग, डिजाईन र ईस्टिमेटमा प्लास्टिक पोखरी निर्माण गर्नुपर्ने ।

**(४) अनुदान :-** अनुदानग्राहीले तोकिएको ड्रईङ्ग, डिजाईन र ईस्टिमेटमा प्लास्टिक पोखरी निर्माण गरेपछी अनुगमन पश्चात कार्यालयले सिल्पोलिन वा UV प्लास्टिक उपलब्ध गराउनेछ ।

**छ. बदाम खेती प्रवर्धन कार्यक्रम** :- हतुवागढी गाउँपालिका आफ्नो विशिष्ट भौगोलिक अवस्थिति र जलवायुले गर्दा बदाम खेतीको लागि उपयुक्त क्षेत्र हो। यहाँको रैथाने बदामको आफ्नो विशेष स्वाद र गुणस्तरका लागि चिनिन्छन्। तरपनि जंगली जनावरले गर्ने क्षती, सिचाँईको अभाव, परम्परागत खेती विधि, बजार पहुँचको अभाव र व्यवस्थित प्रवर्धन नभएकाले यसको खेती सीमित छ र सम्भावित बदाम खेती हुने जग्गा पनि बाँझिदै गएको कारणले किसानहरूले यसको पूर्ण आर्थिक लाभ लिन सकेका छैनन। यस कार्यक्रमको मुख्य उद्देश्य हतुवागढीका किसानहरूलाई वैज्ञानिक र प्रभावकारी बदाम खेती प्रविधि सिकाई, गुणस्तरीय रोपन सामग्री

उपलब्ध गराई, र सामुदायिक स्तरमा बदाम खेतीलाई एक लाभकारी र दिगो आय स्रोतको रूपमा विकास गर्नु हो। स्थानिय रैथाने बदामको संरक्षण गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धी गर्न यस कार्यक्रम सञ्चालन गरिनेछ ।

**(१) उदेश्य :-**

- रैथाने बदामको संरक्षण गर्दै क्षेत्र विस्तार गरि उत्पादन तथा उत्पादकत्व वृद्धी गर्नु
- बदामको मुल्य शृङ्खला विकास गरि किसानहरुलाई न्यायोचित मुल्य प्राप्त गर्न सहयोग गर्नु
- हतुवागढीको रैथाने बदामको ब्रान्डिङ्ग गर्नु
- रोजगारी सृजना गरि आयस्तर वृद्धी गर्नु

(२) **अनुदान प्राप्त गर्न सक्ने साझेदार :-** कृषक समुह, कृषि सहकारी, कृषि फर्म/कंपनी, कृषि उद्यमी

(३) **अनुदानग्राहीको न्यूनतम मापदण्ड :-** कम्तीमा १५० रोपनीमा बदाम खेती विस्तार गर्नुपर्ने ।

(१)**क्रियाकलाप अनुसार गाउँपालिकाले प्रदान गर्ने अनुदान :-**

| सि.नं. | शिर्षक | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | क्षेत्र विस्तार | मल, विउ, विषादी खरीद | अधिकतम ७५ प्रतिशत अनुदान | कार्यालयले सामाग्री खरीद गरि तोकिएको अनुदानमा वितरण गर्न सक्नेछ । |
| २. | बदामको क्लस्टर स्थापना प्रोत्साहन | रेखाङ्कन, जमिनको तयारी | | |
| ३. | कृषि सामाग्री,औजार उपकरण खरिद | मिनि टिलर, घाँस काट्ने र गोड्ने मेशिन, स्प्रेयर तथा अन्य कृषि सामाग्री खरीद | | |
| ४. | उन्नत प्रविधि अनुसरण | मल्चिङ तथा थोपा सिंचाई जडान | | |
| ५. | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), भूमिगत सिँचाई, पाईप, कुलो निर्माण, नविनतम प्रविधिमा आधारित सिंचाई (सौर्य सिंचाई) | अधिकतम ८५ प्रतिशत अनुदान | |
| ६. | प्राविधिक सहयोग | तालिम संचालन, अभिमुखिकरण,ल्याब सेवा, अनुगमन | शत प्रतिशत | |

**ज. हलगोरु वितरण कार्यक्रम** :- कृषि क्षेत्रमा बढ्दो यान्त्रिकिकरण, समय समयमा पशुपालनमा फैलिने महामारी रोगहरु तथा युवा जनशक्तीको अभावका कारण कृषिकर्मको लागि गोरुपालन लोप हुँदै गईरहेको र हातेट्र्याक्टरको प्रयोग बढ्दो अवस्थामा छ । हातेट्र्याक्टर हतुवागढी गाउँपालिकाको सबै भुगोलमा उपयुक्त विकल्प नभएको कारण खेतीयोग्य जमिनहरु बाँझिने तथा स्थानीय स्तरमा प्राङ्गारीक मल उत्पादनमा कमी भई जमिनको उर्वराशक्तीमा ह्रास आईरहेको हुँदा हतुवागढी गाउँपालिकाले किसानहरुलाई गोरुपालन तर्फ आकर्सित गर्न हलगोरु वितरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**(१) उदेश्य :-**

- प्राङ्गगारिक कृषि प्रवर्धन गरि कृषकहरुको आयस्तर बढाउनु
- परम्परागत खेतीलाई प्रोत्साहन गर्नु
- जैविक मल उत्पादन गर्नु
- रोजगारी सृजना गर्नु
- निम्न आय भएका कृषहकरुको जिविकोपार्जनमा सहयोग पुर्याउनु

(२) **अनुदान प्राप्त गर्न सक्ने साझेदार :-** विपन्न, दलित, एकल, पिछडिएका वर्गहरु

(३) **अनुदानग्राहीको न्यूनतम मापदण्ड** :-

- आर्थिक अवस्था कम भएको, कुनै कुलतमा नफसेको, घाँस वा अन्य गोरुको पौस्टिक आहाराको व्यवस्था गर्न सक्ने ।
- गोठ व्यवस्थापन भएको ।
- कम्तिमा ५ वर्ष गोरु विक्री नगर्ने शर्त पालन गर्ने ।
- पशुपंक्षीपालनको अनुभव भएको ।

(४) **हलगोरुको मापदण्ड :-**

- कार्यालयको पशुपन्छी सेवा शाखाबाट दिर्घ रोगब्याधि नभएको र जात पहिचान प्रमाणित भएको ।
- खोरेत र लम्पी स्कीन , चरचरे र भ्यागुते रोग विरुद्धको खोप लगाएको हुनुपर्ने ।
- शारिरीक अपाङ्गता नभएको ।

- कार्यालयको पशुपन्छी सेवा शाखाले हलगोरुको उमेर कम्तीमा ३ वर्ष भएको प्रमाणित गरेको ।
- एक गोरु तौल १६५ के.जी. भन्दा बढी भएको , Heart girth को गोलाई १२९.७ +- १.८९ से.मी. , शरीरको लम्बाई १०२.६ +-१.६३ से.मी. र उचाई १०२.१ +-१.२० से.मी. को हुनुपर्ने ।
- गोरुको पुच्छर नकाटिएको हुनुपर्ने ।
- गोरुको दाँत ६ वटा स्थायी दाँत पलाईसकेको हुनुपर्ने ।

(५) **अनुदान :-** गाउँपालिकाले अनुदानग्राहीले तोकिएको मापदण्ड बमोजिमको हलगोरुको खरीदमूल्यमा अधिकतम ७५ प्रतिशत अनुदान प्रदान गर्नेछ ।

**झ. अकबरे खोर्सानी खेती प्रवर्धन कार्यक्रम कार्यविधी :-** अकबरे खोर्सानी नेपालको यस गाउँपालिकाको एक प्रमुख आर्थिक मसला बाली हो। यसको तीखोपन, बास्ना र औषधीय गुणका कारण यसको स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा ठूलो माग छ। यस गाउँपालिकाको जलवायु र उर्वर माटो अकबरे खोर्सानी खेतीका लागि उपयुक्त भएतापनि पारम्परिक खेती विधि, गुणस्तरीय बिउको अभाव, रोग/कीरा व्यवस्थापनको ज्ञानको कमी, उचित भण्डारण र बजार सम्पर्क नहुनाले किसानहरूले यसको पूर्ण आर्थिक सम्भाव्यता राम्रोसँग उपयोग गर्न सकिरहेका छैनन्। यस कार्यक्रमले हतुवागढीका किसानहरूलाई वैज्ञानिक अकबरे खोर्सानी खेती प्रविधि र उत्पादनपछिको प्रविधि (भण्डारण, प्रशोधन, बजारिकरण) मा सहयोग गरि उत्पादन र उत्पादकत्व वृद्धि गराई किसानको आय बृद्धि गरि, गाउँपालिकालाई अकबरे खोर्सानी उत्पादनको एक प्रमुख केन्द्र बनाउनेछ ।

**(१) उदेश्य :-**

- अकबरे खेतीको क्षेत्र विस्तार गरि उत्पादन तथा उत्पादकत्व वृद्धी गर्नु
- अकबरे खोर्सानीको मुल्य शृङ्खला विकास गरि किसानहरुलाई न्यायोचित मुल्य प्राप्त गर्न सहयोग गर्नु
- रोजगारी सृजना गरि आयस्तर वृद्धी गर्नु

(२) **अनुदान प्राप्त गर्न सक्ने साझेदार :-** कृषक समुह, कृषि सहकारी, कृषि फर्म/कंपनी, कृषि उद्यमी

(३) **अनुदानग्राहीको न्यूनतम मापदण्ड :-** कम्तीमा १०० रोपनीमा क्षेत्र विस्तार गर्नुपर्ने ।

**(२)क्रियाकलाप अनुसार गाउँपालिकाले प्रदान गर्ने अनुदान :-**

| सि.नं. | शिर्षक | क्रियाकलाप | सहजीकरण सेवा तथा सुविधा | कैफियत |
|---|---|---|---|---|
| १. | क्षेत्र विस्तार | मल, विउ, विषादी खरीद | अधिकतम ७५ प्रतिशत अनुदान | कार्यालयले सामाग्री खरीद गरि तोकिएको अनुदानमा वितरण गर्न सक्नेछ । |
| २. | क्लस्टर स्थापना प्रोत्साहन | रेखाङ्कन, जमिनको तयारी | | |
| ३. | कृषि सामाग्री,औजार उपकरण खरिद | मिनि टिलर, घाँस काट्ने र गोड्ने मेशिन, स्प्रेयर तथा अन्य कृषि सामाग्री खरीद | | |
| ४. | उन्नत प्रविधि अनुसरण | मल्चिङ तथा थोपा सिंचाई जडान | | |
| ५. | सिंचाई व्यवस्थापन | पोखरी (प्लाष्टिक तथा सिमेन्ट), भूमिगत सिँचाई, पाईप, कुलो निर्माण, नविनतम प्रविधिमा आधारित सिंचाई (सौर्य सिंचाई) | अधिकतम ८५ प्रतिशत अनुदान | |
| ६. | प्राविधिक सहयोग | तालिम संचालन, अभिमुखिकरण,ल्याब सेवा, अनुगमन | शत प्रतिशत | |

**ण. कृषि यान्त्रीकिकरणमा अनुदान कार्यक्रम** :- श्रमिक अभाव, बढ्दो उत्पादन लागत र पारम्परिक खेती विधिले कृषि उत्पादकतामा ठूलो चुनौती सिर्जना गरेको छ। यस समस्याको समाधानका लागि गाउँपालिकाले कृषि यान्त्रिकरण अनुदान कार्यक्रम सञ्चालन गरेको छ। यस कार्यविधीको मुख्य उद्देश्य साना तथा सीमान्त किसानहरूलाई यान्त्रिक उपकरणहरूको सहज पहुँच प्रदान गरी उत्पादन लागत घटाउने, कार्यक्षमता बढाउने र कृषि उत्पादनमा क्रान्ति ल्याउनु हो।

**(१) उदेश्य :-**

- उत्पादन लागत घटाउनु
- कृषि कर्म छिटो, छरितो र सहज बनाउनु

(२) **अनुदान प्राप्त गर्न सक्ने साझेदार :-** कृषक समुह, कृषि सहकारी, कृषि फर्म/कंपनी, जल उपोभोक्ता समिति

(३) **अनुदान** :- उपकरण सहित अन्य सबै एट्याचमेन्ट लगायत मेसिनरी यन्त्र उपकरणमा अधितम ७५ प्रतिशत अनुदान उपलब्ध गराउन सकिनेछ ।

**त. मौरीपालन प्रवर्धन कार्यक्रम :-**

**(१) उदेश्य :-**

- मह र मौरीजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने
- मौरीपालन व्यवसायको आधुनिकीकरण र बजारीकरणमा प्रवर्धन गर्ने
- मौरीपालन व्यवसायमा आवद्ध कृषकहरुको आय आर्जनमा टेवा पुर्याई जिवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने

(२) **अनुदान प्राप्त गर्न सक्ने साझेदार :-** कृषक समुह, कृषि सहकारी, कृषि फर्म/कंपनी, जल उपोभोक्ता समिति, मौरीपालक कृषक

(३) **क्रियाकलाप अनुसार गाउँपालिकाले प्रदान गर्ने अनुदान :-**

| क्र.सं. | शिर्षक | क्रियाकलाप | अनुदान | अनुदानग्राहीको मापदण्ड |
|---|---|---|---|---|
| १. | मह प्रशोधन केन्द्र स्थापना | मौरीपालन तथा मौरीजन्य उत्पादन तथा प्रशोधनसँग सम्बन्धित आवश्यक औजार उपकरणहरु उपलब्ध गराउने | बढीमा ७५ प्रतिशत | १. मौरीपालन सम्बन्धि तालिम लिएको साथै मौरीपालनको अनुभव भएको<br>२. न्यूनतम ५० घार मौरी भएको वा सो बराबरको संख्या थप गर्ने<br>३. मह लगायत मौरीजन्य उत्पादन सम्बन्धि तालिम लिएको |
| २. | गुणस्तरिय रानु प्रदर्शन तथा वितरण | रानु वितरण | | |
| ३. | मौरी चरन क्षेत्रका विस्तारका लागि मौरी मैत्री विरुवा वितरण | चिउरी, निम, कल्की तथा फलफूलको विरुवा वितरण तथा रोपण | बढीमा ८५ प्रतिशत | १. अनुदानग्राहीले बिरुवा बाहेक रोप्न आवश्यक सम्पुर्ण कार्य आफै व्यवस्थापन गर्नु पर्नेछ । |
| ४. | तालिम/अभिमुखिकरण | मौरीपालक कृषकहरुलाई आवश्यक तालिम प्रदान | शत प्रतिशत | |

**थ. प्राङ्गारीक मल तथा विषादी उत्पादन कार्यक्रम :-**

**(१) उदेश्यः** गुणस्तरीय प्राङ्गारीक मल तथा जैविक विषादी प्रयोग अभिवृद्धी गर्दै असन्तुलित रसायनिक मल तथा विषादीको प्रयोगबाट हुने नकारात्मक प्रभावलाई कम गर्दै माटोको उर्बराशक्ती कायमराखी प्राङ्गारीक उत्पादन र उत्पादकत्व वृद्धी गराउने ।

**(२) अनुदान प्राप्त गर्न सक्ने साझेदारहरुः-** कृषक समहु/कृषि सहकारी/जल उपभोक्ता समिति

**(३) क्रियाकलाप अनुसार गाउँपालिकाले प्रदान गर्ने अनुदान :-**

| क.स. | क्रियाकलाप | मापदण्ड | अनुदान |
|---|---|---|---|
| १ | भर्मिकम्पोष्ट मल बनाउन भर्मिसेट निर्माण गड्यौला खरीद सहित | - प्राविधिक लागत ईस्टिमेट बमोजिमको भर्मिसेड<br>- प्रति भर्मिसेड १००० संख्यामा ईलुसिना फोटिडा जातको गड्यौला | बढीमा ७५ प्रतिशत |
| २ | कम्पोष्ट मल वा गहुत संकलन र भकारो सुधार गर्न | प्राविधिक लागत ईस्टिमेट बमोजिम | |
| ३ | घरेलु विधिबाट जैविक वा वानस्पतिक विषादी वा झोलमोल उत्पादन गर्ने सामाग्री | - प्लास्टिकको ड्रम २०० लिटर | |
| ४ | कृषि औजार उपकरण | | |
| ५ | उत्पादित मल/विषादीको बजारीकरण | प्याकेजिङ ब्याग खरीद, लेभलिङ, छपाई आदी | |
| ६ | सिचाई | थोपा सिचाँई,स्प्रिकल, प्लास्टिक पोखरी | ८५ प्रतिशत |
| ८ | तालिम/अभिमुखिकरण | घरेलु विधिबाट जैविक वा वानस्पतिक विषादी तथा प्राङ्गारीक मल विषेयक | शत प्रतिशत |

## परिच्छेद — ५

## अनुदान बाहेकका कार्यक्रम संचालन प्रकृया

**१६. संस्थागत विकास कार्यक्रम :-** मिल्दाजुल्दा समस्या, आवश्यकता र चाहानाहरु भएका न्युनतम् १५ वा सो भन्दा बढी व्यक्तिहरु मिलि आफ्ना निश्चित साझा उद्देश्यहरु सामुहिक प्रयत्नद्धारा प्राप्त गर्न बनाइएको संगठनलाई समूह भनिन्छ ।कृषि विकासका कार्यक्रमहरु, सेवा एवं प्रविधि प्रवाहको सहजताका लागि कृषि कार्यमा संलग्न कृषकहरुको सांगठनिक स्वरुपलाई कृषक समुहको रुपमा लिइएको छ ।कृषि विकासका कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन कृषक समुह, सहकारी, व्यवसायिक फर्म, व्यवसायिक कृषकमार्फत गरिने छ ।

**(क) कृषक समूह गठन/पुनर्गठन कार्यक्रम :-** यस हतुवागढी गाउँ कार्यपालिकाको कार्यालयमा कृषक समुह दर्ता गरिनेछ । दर्ता दस्तुर रु **५००** लाग्नेछ । यसको लागि कृषक समुहले समुह विवरण फाराम सहितको निवेदन फाराम तथा समुह विधान सहितको निवेदन पेश गर्नुपर्नेछ । समुह दर्ताको लागि समुहको ठेगाना रहेको गाउँपालिकाको वडा कार्यालयबाट सिफारिस लिनुपर्नेछ ।यसरी दर्ता भएको समुहको अवधि १ वर्ष रहनेछ । यसरी दर्ता भएको समुहको अभिलेख गाउँपालिकामा राखिनेछ ।कृषक समुहले आवश्यकताको आधारमा गठित कृषक समुह पुनर्गठन गर्न सक्नेछ तर सो को जानकारी गाउँ कार्यपालिकाको कार्यालयमा ३० दिनभित्रमा गराउनुपर्दछ । कृषक समुहको विधानको नमूना अनुसुची - १२ अनुरुप हुनेछ । समूह गठन गरि कार्यसमितिबाट विधान स्विकृत गराइ दर्ताको लागि १ प्रति समावेश गरि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।कृषि विकासका कार्यक्रमहरु प्रभावकारी रुपले सञ्चालन गर्नका लागि कृषक

समुहको अलावा कृषि सहकारी, व्यवसायिक फर्म, व्यवसायिक कृषक मार्फत पनि गरिने छ । गाउँपालिका भित्रका तथा साविकमा डिभिजन सहकारी कार्यालय र घरेलु कार्यालयमा हाल गाउँपालिका कार्यालयमा दर्ता भएका फर्म तथा सहकारीहरुको अभिलेख गाउँपालिकाको कार्यालयमा राखिनेछ सहकारी तथा फर्म दुवैले स्थायी लेखा नं.(PAN) अनिवार्य रुपमा लिएको हुनु पर्नेछ ।

**(ख) कृषक समुह नविकरण गर्नेः-** कृषक समुहले आफ्नो कृषक समुह दर्ता प्रमाण-पत्रको नविकरण गर्नुपर्नेछ । यसको लागि कृषक समुहले प्रमाणपत्रको म्याद सकिएको ३५ दिनभित्र निवेदनका साथमा सक्कल प्रमाणपत्र सहित कार्यालयमा पेश गर्नुपर्नेछ र सो को लागि रु. ३०० राजश्व नविकरण शुल्क बापत लाग्नेछ ।म्याद सकिएको ३६ औं दिन देखि एक वर्षसम्म रु. ४०० राजश्व शुल्क लाग्नेछ भने एक वर्षपश्चात प्रत्येक वर्ष रु. १०० का दरले थप राजश्व लाग्नेछ । कृषक समुहको प्रमाण पत्र ३ वर्षसम्म नविकरण नगरेमा पुन: नविकरण गर्न कार्यालय बाध्य हुने छैन। प्रमाण पत्र हराएमा प्रमाण पत्रको प्रतिलिपि लिन पहिलो वर्ष रु. ५०० दस्तुर लाग्नेछ र नलिएको खण्डमा प्रत्येक वर्ष दस्तुर दोब्बर हुँदै जानेछ ।

**१७. माटो परिक्षण शिविर संचालन कार्यक्रमः-** विभिन्न वालीवस्तुहरु लगाउने माटोमा रहेका खाद्य तत्वहरु, अम्लिय तथा क्षारियपना, प्राङ्गारिक पदार्थ आदिको अवस्था पहिचान गर्न, माटोको उर्वराशक्ति ह्रासलाई सुधार गरी विभिन्न बालीहरुको आवश्यकता अनुरुप खाद्यतत्व आपूर्ति गर्न स्थलगत रुपमा कृषकहरुको खेतवारीको माटो परिक्षण सेवा उपलब्ध गराउन आवश्यक देखी गाउँपालिकाको नीति तथा कार्यक्रममा अन्तरनिहित भावना अनुरुप यो कार्यक्रम तयार गरिएको छ ।

**(क) उद्धेश्य :-**

- माटोमा रहेका बिरुवाको खाद्यतत्व पहिचान,सम्वद्ध समस्याहरुको समाधान, प्राङ्गारिक श्रोतको प्रवर्द्धन गरी माटोको उर्वराशक्ति ब्यवस्थापन, बिरुवाको विकास र वृद्धिमा सुधार ल्याई कृषि उत्पादकत्वमा सुधार ल्याउने ।
- कृषक सहभागितामा उर्वराशक्तिको जानकारी लिनुको साथै स्थलगत रुपमा माटो विश्लेषण गर्नु
- स्थलगत रुपमा माटो विश्लेषण गरी ब्यवस्थापन सम्बन्धि प्रविधि सिफारिस गर्नु ।

**(ख) कार्यक्रम संञ्चालन प्रकृया**

यस कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कृयाकलापहरु संचालन गरिने छ।

- माटो परीक्षण शिविर सम्वन्धी तालिम/अन्तरकृया
- माटो परीक्षण (बढीमा १०० वटा नमूना)
- विरुवालाई चाहिने खाद्यतत्व, कृषि चुन तथा प्राङ्गारिक मल व्यवस्थापन

**(ग) कार्यक्रम संचालन विध**

- गाउँपालिकाले सम्वन्धित वडाहरु सँग समन्वय गरी कृषकहरुलाई कार्यक्रमबारे जानकारी गराई व्यवस्थापन गर्नुपर्दछ । साथै कार्यक्रम स्थल छनौट गर्दा कृषि चुन प्रयोग गर्न उत्साहित कृषक रहेको क्षेत्र छनौट गर्नु पर्नेछ । प्रति शिविर बढीमा १०० माटो नमूना परिक्षण गर्ने गरी शिविर संचालन गर्नु पर्नेछ ।

- माटो परिक्षण शिविरको संचालन गाउँपालिकाले गर्नेछ । आवश्यक रहेमा प्रदेश सरकार मातहतको माटो तथा मल परीक्षण प्रयोगशालासँग समन्वय गर्न सक्नेछ ।
- स्थानियस्तरमा कृषकहरुलाई माटो व्यवस्थापन तालिमसँग आवद्ध गरी माटो परीक्षण शिविर संचालन गर्नु पर्ने छ ।
- माटो परीक्षण शिविर संचालन गर्न देहाय अनुसारको तरिका अपनाउन सकिनेछ ।
- किटबक्स माटो शिविरः- यस तरिकामा किटबक्सको सहयताले सडक संजालको व्यवस्था भए वा नभएका स्थानमा किटबक्स माटो शिविर संचालन गरिनेछ ।साथै गाउँपालिकाको माटो तथा मल परिक्षण ल्यावमा वडास्तरबाट संकलन गरेका नमुनाहरु लगेर परिक्षण गर्न सकिनेछ ।

**(घ) माटो शिविर प्राविधिक मापदण्ड**

- माटो परीक्षण शिविर संचालन २ दिन
- पहिलो र दोश्रो दिन माटो परिक्षण (१०० वटा नमूना)
- दोश्रो तेस्रो दिन माटो परिक्षण शिविर अन्तरकृया

माटो शिविर संलग्न प्रतिवेदन अनुसार शिविरमा माटो जाँच गराउने सवै किसानहरुलाई अनुदानमा कृषि चुन वितरण हुनेछ ।यसका लागि उपलब्ध वजेट सिमा, सिफारीस $P^H$ मानलाई मध्यनजर गर्दै कृषि चुन वितरण कार्यक्रमका आधार तय गरी कार्यक्रम कार्यन्वयन गर्न सक्नेछ ।

**(ङ) माटो शिविर संचालनको आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।**

(१) माटो शिविर संचालन गर्दा देहाय अनुसार प्रति शिविर अधिकतम रु एक लाख रुपैंया सम्म खर्च गर्न सकिनेछ ।

**क) किटबक्स बाट माटो परिक्षण शिविर संचालन**

| क.सं. | कार्यक्रम/क्रियाकलापविवरण | जम्मा |
|---|---|---|
| १ | रसायन खरिद तथा तयारी (रि-एजेन्ट ५०-१०० नमूनाको लागि) | १०,०००/- |
| ३ | प्रतिवेदन तयार | १,५००/ |
| ४ | प्राविधिक दैनिक भ्रमण खर्च (सवारी चालक सहित ५ जना सम्मलाई अधिकतम ५ दिन) | भ्रमण खर्च नियामावली, २०६४ अनुसार |
| ५ | व्यवस्थापन खर्च (व्यानर,चिया खाजा,स्टेशनरी आदी) एकमुष्ठ | १००००/ |
| ६ | ८५ देखि शत प्रतिशत अनुदानमा कृषि चुन खरिद, ढुवानी तथा वितरण (अधिकतम रकम) | उपलब्ध बजेट परिधि भित्र मागमा आधारित |
| ७ | तालिम/गोष्ठी कार्यक्रम | तालिम/गोष्ठी कार्यक्रमको कार्यविधि बमोजिम |

**१८. अवलोकन भ्रमण कार्यक्रम** :- कृषकहरुलाई वरपरका गाउँपालिकाका उत्पादन स्थल वा फार्महरुमा भ्रमण गराउँदै त्यहाँका व्यवसायिक बाली उत्पादन कार्यक्रमसँग प्रत्यक्ष अवलोकन गराइ कृषि प्रविधिहरुबारे नविनतम् प्रविधिबाट प्रभावित गराई उक्त प्रविधि अवलम्बन गर्न सघाउ पुर्याउनु यस कार्यक्रमको उदेश्य हुनेछ ।

**(क) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः**

- भ्रमणको लागि केही पढेका, सिक्न सक्ने र सिकाउने भावना भएका कृषक छनौट गरिनेछ ।
- भ्रमण कार्यक्रम (अवलोकन स्थल, बस्ने स्थान आदि) अग्रिम रुपमा तयार गरी भ्रमण गरिने स्थल एवं सम्बन्धित व्यक्तिहरु तय गरी भ्रमण कार्यक्रम आरम्भ गरिनेछ ।
- भ्रमणको सुरुमा परिचय लिने दिने गरी कार्यक्रम स्पष्ट रुपले वताउने व्यवस्था मिलाइनेछ ।
- भ्रमणलाइ लाभप्रद तुल्याइ अन्त्यमा समीक्षा गरिनेछ ।
- भ्रमण सुरु गर्न तोकिएको स्थानमा भेला हुन र फर्कन बाटोको म्याद बाहेक कृषक भ्रमणको अवधि ३-७ दिनको हुनेछ
- सहभागी कृषकहरु २५ देखी ३० जना हुनेछन ।

**(ख) कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्सः**

| क.स. | नर्म्सको विवरण | ईकाई | दर |
|---|---|---|---|
| १ | बस रिजर्भेशन भाडा तथा व्यवस्थापन | | स्वीकृत दर अनुसार |
| २ | स्थलगत अवलोकन वापत प्रस्तुतकर्ताको पारिश्रमिक | रु./अवलोकन स्थल | १०००/- |
| ३ | सहभागीको दैनिक भ्रमण तथा आवास खर्च | रु./सहभागी/प्रतिदिन | प्रचलित दरभाउ अनुसार |
| ४ | मसलन्द (शैक्षिक साममी) | रु./सहभागी | १००/- |
| ५ | प्रतिवेदकको पारिश्रमिक | रु./ प्रतिदिन | ४००/- |

**१९. प्रकाशन कार्यक्रम (कृषि बुलेटिन प्रकाशन) :-** कृषकस्तरमा जनचेतना जगाउन, प्रविधि प्रसार गर्न तथा कृषिको व्यावसायिकरण तथा विविधिकरणमा टेवा प्रदान गर्न एवं कृषि सम्बन्धी गतिविधिहरुबारे सरोकारवालाहरुलाई सुसूचित गराउने उद्देश्यले कृषि बुलेटिन प्रकाशन गरिनेछ ।

**(क) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधि :-** बुलेटीनमा गाउँपालिकास्तरमा सम्भाव्य प्रविधिहरुलाई समेटेर जानकारीमुलक प्रविधि, आगामी सिजनमा गरिने प्रमुख कृषि कर्महरु, अनुसन्धानबाट सिफारिस भएका नयां प्रविधि, सफलताको कथा, समस्या समाधानमूलक जानकारी तथा मुख्य-मुख्य कृषि गतिविधि इत्यादि संलग्न गरिनेछ ।बुलेटिन प्रकाशन गर्दा गाउँपालिका स्तरमा सम्पादक मण्डल बनाई यथासम्भव बाली, बागवानी, मत्स्य, बाली संरक्षण, बजार, कृषि प्रसार आदि सबै क्षेत्रका जानकारी समेटिनेछ । प्रकाशनलाई यथासम्भव सहभागितात्मक बनाइनेछ ।बुलेटिन न्यूनतम A4 size paper मा एक पटकमा कम्तिमा १०० प्रति प्रकाशन गरीनेछ । बुलेटिन त्रैमासिक एवं चौमासिक रुपमा प्रकाशन गरीनेछ ।

**(ख) कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

- बुलेटिन ४ पेजको लागि बढीमा रु. ४०००।-
- वुलेटिन ६ पेजको लागि बढीमा रु. ६०००।-
- वुलेटिन ८ पेजको लागि बढीमा रु. ८०००।-
- रङ्गिन फोटो राखेर रङ्गिन छपाई गर्दा बढीमा ५०-१००% रकम थप ।

**२०. I.P.M. कृषक पाठशाला संचालन कार्यक्रमः -** एकीकृत शत्रुजीव व्यवस्थापनको चार सिद्धान्त अनुरुप वातावरणीय सन्तुलन कायम राखी रोग, कीरा तथा झारपात जस्ता बाली शत्रुहरुको व्यवस्थापन प्रविधिबारे निर्णय लिन सक्ने क्षमता कृषकहरुमा विकास गर्ने उद्देश्यले Seasonal वर्ष भरी नै वा कुनै एक बालीमा बाली अवधिभरको आई.पि.एम. कृषक पाठशाला कार्यक्रम सञ्चालन हुनेछ । उक्त कार्यक्रम स्थलगत कृषक अन्तरकृया गोष्ठी, स्थलगत तालिम सञ्चालन, आई.पि.एम. कृषक पाठशाला दिवस जस्ता कार्यक्रमहरु समावेश गरी सम्पन्न हुनेछ । आधुनिक कृषि प्रविधि प्रसार गर्न सशक्त माध्यम तथा स्थलको रुपमा उभिएको कृषक समूहलाई नै आधार बनाई बाली अवधिभर कृषक पाठशालाको रुप दिई यिनीहरुकै माध्यमबाट आइ.पि.एम. प्रविधिलाई व्यावहारिक, प्रयोगात्मक तथा खोजपूर्ण सिकाईको विकास गर्दै स्थलगत रुपमा कार्यक्रम सञ्चालन हुनेछ।

**(क) कार्यक्रमको उद्देश्यः** कृषिमा प्रमाणित भएका उन्नत प्रविधिहरु स्थलगत रुपमा सहभागितात्मक कृषि प्रसारको माध्यमबाट कृषि प्राविधिकहरुले कृषकहरुमा र अन्ततोगत्वा कृषकबाट कृषकहरुमा नै जानकारी तथा चेतना जगाई प्रविधि हस्तान्तरणमा कृषक स्वयंलाई आ–आफ्नो खेतबारीमा कृषि पर्यावरण विश्लेषण (AgroEcosystem Analysis) गराई बाली संरक्षण गर्दा दिगो रुपमा पर्यावरणलाई जोगाई कृषि उत्पादनमा वृद्धि ल्याई खाद्य सुरक्षामा सहयोग गरी कृषक स्वयंलाई दक्ष बनाउनु यस कार्यक्रमको मूल उद्देश्य रहेको छ ।

**(ख) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः** कृषक पाठशाला सञ्चालन गर्नु अगाडि आई.पि.एम्. सहजकर्ता (IPM Facilitator) / आई.पि.एम. कृषक सहजकर्ता (IPM Farmer Facilitator), जनप्रतिनिधि, सेवा केन्द्र प्रमुख, शाखा प्रमुख समेत स्थलमा गई गा.पा. भित्रका समूह, अगुवा कृषक, सकृय कृषकहरुको समेत सहभागिता हुने गरी २५ जनाको कृषक समूह छनोट गर्न २ पटक अन्तर्कृया गोष्ठी गर्नु पर्नेछ ।तुलनात्मक अध्ययन तथा परिक्षणहरु सञ्चालन गर्न करिब ५०-१००० वर्ग मिटर जग्गा/खेतबारीको छनोट गर्न कृषकहरु जम्मा भई छलफल गरी स्थानको निर्धारण हुनेछ ।१ वर्षभरी बढिमा ३ बालीमा वा कुनै एक बालीमा बाली अविधभर कृषक समूहले निर्धारण गरेको हप्ताको एक दिन विहान ७ वजे देखि १२ बजे सम्म अध्ययन र तालिम सञ्चालन हुनेछ ।हरेक बालीमा, बाली निभत्र्याउँदै अन्य कृषकहमा यस प्रविधिको विस्तार गर्ने उद्देश्य राखि आमन्त्रित पाहुना र अन्य कृषकहरुलाई अध्ययन स्थलमा भ्रमण, स्थल निरीक्षण, सांस्कृतिक कार्यक्रम नजर गराई कृषक दिवस मनाउँदा तथा अन्तिम बाली पछिको कृषक दिवसमा सहभागी कृषकहरुलाई प्रमाणपत्र वितरण सहितको एक समापन समारोह सञ्चालन हुनेछ ।आई.पि.एम. कार्यक्रमलाई कृषक स्तरमा पुर्याई निरन्तरता र दिगोपन दिन अर्को वर्ष देखि अनुसरण (Followup) कार्यक्रम सञ्चालन गर्न र यसको लागि कृषक र विज्ञान (Farmer & Science) कार्यक्रम, पोष्ट हार्भेष्ट प्रविधि सम्बन्धी विविध कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

**(ग) कार्यक्रमको आर्थिक पक्ष/नर्मसः**

| क्र.स. | कृयाकलापहरु | सहभागी | दर रू. | जम्मा रकम |
|---|---|---|---|---|

| | | संख्या | | |
|---|---|---|---|---|
| १ | स्थलगत कृषक अन्तर्कृया गोष्ठी (२ पटक) – आई.पि.एम को महत्व, बाली पात्रो र आधारभुत तथ्याङ्क संकलन, समुहको महत्व, लैङ्गिक विश्लेषण, समस्या पहिचान, कार्यक्रम कार्ययोजनाको तयारी | | | |
| क | पहिलो पटक अन्तर्कृया गोष्ठी गर्न- चियापान खर्च | ५०-१०० | १०० | ५०-१०००० |
| ख | दोस्रो पटक अन्तर्कृया गोष्ठी गर्न- चियापान खर्च | ५०-१०० | १०० | ५०-१०००० |
| ग | २ पटकको गोष्ठी कार्यकर्मको लागि चाहिने रजिष्टर, कपी,स्केल, डटपेन, सिसाकलम, मार्कर, चार्ट पेपर, मास्किङ टेप आदि | ३० | एकमुष्ठ | ५०-१०००० |
| घ | अन्तर्कृया गोष्ठी गर्न प्रशिक्षक भत्ता- २ पटक | ४ | १००० | ४००० |
| | यातायात वापतको खर्च | ४ | २०० | ८०० |
| २ | पहिलो बालीको लागि IPM FFS सञ्चालन गर्न<br>पहिलो बालीको लागि IPM FFS सञ्चालन गर्न १ दिने PLANNING गोष्ठी गर्न | | | |
| क | खाजा खर्च (२५ जना कृषक र २ जना प्रशिक्षक) | २७ | १०० | २७०० |
| ख | अन्तर्कृया गोष्ठी गर्न प्रशिक्षक भत्ता- १ पटक | २ | १००० | २००० |
| | यातायात वापतको खर्च | २ | २०० | ४०० |
| ३ | पहिलो बालीको लागि स्थलगत कृषक पाठशाला सञ्चालन गर्न | | | |
| क | खाजा खर्च (२५ जना कृषक र २ जना प्रशिक्षक) – १६ पटक | ४३२ | १०० | ४३२०० |
| ख | पाठशाला सञ्चालनको लागि आवश्यक सामाग्री खर्च | | एकमुष्ठ | १५०००० |
| ग | प्रशिक्षक भत्ता- १६ पटक | ३२ | १००० | ३२००० |
| | यातायात वापतको खर्च | ३२ | २०० | ६४०० |
| ४ | पहिलो बालीको लागि कृषक दिवस सञ्चालन गर्न | | | |
| क | आमन्त्रित जनप्रतिनिधि, जिल्लास्तरिय कार्यालय प्रमुख, सहभागी तथा अन्य कृषकहरु चियापान खर्च | ७५ | १०० | ७५०-१००० |
| ख | कार्यक्रम व्यवस्थापन खर्च | | एकमुष्ठ | ५०-१०००० |
| ग | प्रशिक्षक भत्ता- १ पटक | २ | १००० | २००० |
| | यातायात वापतको खर्च | २ | २०० | ४०० |
| ५ | प्राविधिक प्रतिवेदन तयार गर्न | | | २००० |
| | जम्मा | | | १३८४०० |

**२१. विउविजन/बेर्ना/विरुवा /उत्पादन सामामग्री वितरण कार्यक्रम :-** विभिन्न बालीको खेतीलाई टेवा पुर्याउन वर्णशंकर तथा उन्नत जातका तरकारीका विउविजन/बिरुवाहरु कृषकहरुलाई अनुदानमा वितरण गरि बालीको उत्पादन तथा उत्पादकत्व बढाई गाउँपालिकालाई आत्मनिर्भर बनाउने तर्फ उन्मुख गराउनको लागि तथा कृषि पेशाको व्यवसायिकतामा आकर्षित गराउन गरिने यो कार्यक्रम संचालन गरिनेछ ।

**(क) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधिः** कृषकहरुलाई सार्वजनिक सूचना प्रवाह गरि माग संकलन गरिनेछ । कृषकहरुको मागको आधारमा सिफारिस भएका तथा प्रचलित विभिन्न बालिहरुको

वर्णशंकर तथा उन्नत जातका, स्वस्थ बिरुवा/बेर्ना/बिउविजन गाउँपालिकाले उपलब्ध गराउने छ । तरकारी खेति गर्न आवश्यक पर्ने प्लाष्टिक घरको प्लाष्टिक सिट, कृषि चुन, जैविक मल, विषादी, मल्चिङ सिट समेत उपलब्ध गराउन सक्नेछ ।

**(ख) कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :**

- ✓ तरकारी बालीका वर्णशंकर तथा उन्नत जातका , स्वस्थ बिरुवा/बेर्ना/बिउविजन, प्लाष्टिक घरको प्लाष्टिक सिट, कृषि चुन, जैविक मल, विषादी, मल्चिङ सिट आदि गाउँपालिकाले पुर्णअनुदान तथा कृषक लागत साझेदारीसहित कृषकहरुलाई वितरण गर्न सक्नेछ ।

**२२. नतिजा प्रदर्शन कार्यक्रम :-** कुनै नयाँ प्रविधिको महत्व सिद्ध गरी कृषकहरुलाई देखाउन नयाँ प्रविधि र पुरानो प्रविधिको तुलनात्मक परिणामको लागि यो प्रदर्शन सञ्चालन गरिन्छ ।अनुसन्धानद्धारा प्रमाणित भई सिफारिस गरिएका उक्त प्रविधिको नतिजालाई कृषकको स्थानीय/परम्परागत प्रविधिको नतिजासँग तुलाना गरी उक्त प्रविधिहरु राम्रो र उपयुक्त छ भनेर दांजेर देखाइने तरिकालाई नतिजा प्रदर्शन भनिन्छ । यस प्रदर्शनको मुख्य उद्देश्य उक्त प्रविधिहरु पूराना प्रविधिहरु भन्दा राम्रा छन भनेर कृषकहरुलाई विश्वास दिलाई उक्त प्रविधिहरु अपनाउन लगाउनु हो ।

**(क) कार्यक्रमको प्राविधिक पक्ष/सञ्चालन प्रकृया/कार्यविधि :-**

- नतिजा प्रदशर्नको लागि जग्गा छनौट गर्दा सकभर सजिलैसँग निरीक्षण गर्न/ गराउन सकिने हिसावमा सडकको छेउछाउमा छनिनेछ । गाईवस्तुले नोक्सान पुयार्उने किसिमको हुनु हुँदैन ।
- नतिजा प्रदर्शन कुनै एक खास समस्यालाई लिएर गर्दा बढी प्रभावकारी हुन जान्छ । जस्तैः पंक्तिमा रोप्ने विधि विच छरुवा विधि, स्थानीय जात विच उन्नत जात, किटनाशक विषादि छर्ने विच नछर्ने, हरियो मलको प्रयोग विच प्रयोग नगर्ने, रासायिनक मल प्रयोग गर्ने विच स्थानीय गोठे मलको मात्र प्रयोग गर्ने आदि ।
- प्रदर्शन सामाग्रीको साथमा प्रर्दशन गर्न लागिएको किसिम, प्रदर्शनमा प्रयोग हुने बीउको नाम, जात, बीउ लगाउने समय, मलजल दिने समय, कटानी गर्ने समय, अनुमानित उत्पादन, प्रदर्शनबाट आशा गरिएको उपलब्धी आदि विवरण भएको पर्चा कृषकलाई दिने व्यवस्था मिलाउनुपर्नेछ ।
- कृषकको नाम, ठेगाना, बीउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरु र समय, प्रदर्शन प्रति कृषकको धारणा जस्ता विवरणहरु रेकर्ड गर्नु पर्नेछ ।
- सबै सामाग्री जुटाई सकेपछि कृषकहरुलाई सहभागी गराई प्रदर्शन कार्य गर्नु पर्दछ र सबै कुराहरुको अभिलेख गरेर राख्नुपर्नेछ । जस्तैः वर्षा भएको दिन रोग कीरा लागेको भए सो को विवरण राख्नुपर्नेछ ।
- प्रदर्शन प्लटमा निम्न विवरण सिहतको वोर्ड राख्ने व्यवस्था हुनेछ ।
  - प्रदर्शनको किसिम
  - कृषकको नाम

- ○ बालीको किसिम/ जात
- ○ क्षेत्रफल
- ○ मलखादको मात्रा
- ○ आरम्भ गरेको मिति आदि ।
- नतिजा प्रदर्शन प्लटमा कृषकहरु जुटाई समय समयमा अवलोकन भ्रमण गराउनुपदर्छ ।
- नतिजा प्रदर्शन प्लटमा प्रदर्शन गरिएको बालीको रेकर्ड विशेष गरी त्यसको सकारात्मक नतिजा अन्य कृषकहरुमा पनि विस्तार गर्नुपर्नेछ ।

**(ख) कार्यक्रमको आर्थिक पक्ष/खर्च मापदण्ड/नर्म्स :-**

एक रोपनी क्षेत्रफलमा नतिजा प्रदर्शन सञ्चालन गरिने छ । प्रदर्शनको लागि आवस्यक बीउ र मलखाद बाली अनुसार सिफारिस दर मात्र प्रयोग गर्नुपर्नेछ भने प्रदर्शनस्थलमा साइनबोर्ड राख्नुपर्नेछ । यस्ता सामग्रीहरुको लागि आवस्यक रकम गाउँपालिकाको दररेट/बजार भाउ अनुसार लागत अनुमान तयार गरी सोको आधारमा न्यूनतम लागत तोकि खर्च गर्न सकिने छ । बाली संरक्षण विषादीको हकमा जम्मा रु. १०००-५०००।- प्रति प्रदर्शन नबढ्ने गरी खर्च गर्न सकिने छ ।

## परिच्छेद — ६

## खारेजी तथा बचाउ

**२३.** कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी , २०७५ खारेज गरिएको छ ।

**२४.** कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधी , २०७५ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

**२५.** यस कार्यविधीमा व्यवस्था भएका विषयहरु प्रचलित कानूनसँग बाँझिएमा अमान्य हुनेछ ।

**२६.** यस कार्यविधिमा उल्लेख भएका विषयवस्तुका सम्बन्धमा कुनै अस्पस्टता भएमा सोको व्याख्या गाउँपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

**२७.** कार्यविधिमा कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार गाउँपालिकालाई हुनेछ ।

**२८.** यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

अनुसुची — १

दफा — ४ को उपदफा (क) सँग सम्बन्धित

(प्रस्ताव आह्वान सूचनाको नमुना)

प्रथम पटक प्रकाशित मिति ..................................

यस कार्यालयको आ.व. ........................ उप-क्षेत्र कृषि तर्फको वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु संचालन गर्नका लागि हतुवागढी गाउँपालिका अन्तर्गतका ईच्छुक कृषक/कृषक समुह/कृषि सहकारी/कृषि फर्म/जल उपोभोक्ता समुहहरुले यो सूचना प्रकाशित भएको मितिले ........................ दिन अर्थात मिति ......................... गते भित्र तोकिएको ढाँचामा प्रस्ताव यस कार्यालयको कृषि विकास शाखामा दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने बेहोरा जानकारी गराईन्छ ।

तपसिल :-

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य | अनुदान प्रतिशत | प्रस्ताव पेश गर्न सक्ने साझेदार |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. प्रस्तावना / व्यवसायिक /कार्य योजना

२. सम्बन्धित वडाको सिफारिस पत्र

३. संस्था दर्ता तथा नविकरण प्रमाणपत्रको प्रतिलिपि

४. संस्थाको बैठकको निर्णयको प्रतिलिपि
५. करचुक्ता प्रमाणपत्रको प्रतिलिपि
६. जग्गा धनिपुर्जा प्रमाणपत्रको प्रतिलिपि/भाँडा,अधिया, ठेक्कामा लिएको भए सम्झौता पत्रको प्रतिलिपि

***(कार्यक्रमको प्रकृति अनुसार थप कागजातहरु आवश्यक परेमा उल्लेख गर्न सकिने)***

रु . १० को हुलाक टिकट

अनुसुची — २
दफा — ४ को उपदफा (ख) सँग सम्बन्धित
(आवेदनको नमुना)

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
घोडेटार, भोजपुर।

विषयः- प्रस्ताव पेश गरिएको सम्बन्धमा।

तहाँ कार्यालयको मिति ....................................... गते प्रकाशित सुचना अनुसार म/हामी निवेदकले तपसिल बमोजिमको कार्यक्रम लागत साझेदारीमा गर्न ईच्छुक भई आवश्यक कारबाहीको लागि यो निवेदन पेश गरेको छु/छौं।

१. प्रस्तावित कार्यक्रमको नामः-
२. प्रस्तावकको समुह/संस्था/फर्मः
३. प्रस्तावकको नामः-
४. ठेगानाः-
५. सम्पर्क नं.ः-
६. प्रस्तावित कार्यक्रम कार्यन्वयन हुने स्थानः-

**संलग्न कागजातहरुको सुचि**

१. प्रस्तावना/व्यवसायिक योजना संख्या...........
२. संस्था दर्ता नविकरण प्रमाणपत्रको प्रतिलिपी संख्या.............
३. PAN/VAT प्रमाणपत्रको प्रतिलिपी संख्या.......
४. निवेदको नागरिकताको प्रतिलिपी संख्या........
५. संस्थागत बैठकको निर्णयको प्रतिलिपि संख्या............

६. स्वोघोषणा पत्र संख्या...........

७. जग्गा धनिपुर्जा वा करारनामाको प्रतिलिपी संख्या............

८. (अन्य कागजातहरु)......................................... संख्या.............

प्रस्तावकको नामः-

हस्ताक्षरः-

मितिः-

समुह/संस्था/फर्मको छाप-

***(कार्यक्रमको प्रकृति अनुसार थप कागजातहरु आवश्यक परेमा समावेश गर्न सकिने)***

अनुसुची — ३

दफा — ४ को उपदफा (ख) सँग सम्बन्धित

(व्यवसायिक योजनाको नमुना)

**व्यवसायिक योजना**

१. संक्षिप्त विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| समुह/संस्था/फर्म नाम | |
| संस्था स्थापना भएको मिति | |
| दर्ता भएको मिति र निकाय | |
| सम्पर्क नम्बर | |

२. संस्था/उद्यमीको अनुभव र अन्य विवरण

| | |
|---|---|
| विगतमा सम्पन्न गरेको कार्य अनुभव तथा तालिमको संक्षिप्त विवरण | |
| विद्यमान वित्तिय क्षमता, जनशक्ती र भौतिक श्रोत साधनको विवरण(बुदागत रुपमा) | |

३. कार्यक्रम संचालन सम्बन्धि समस्या, औचित्य उदेश्य तथा लाभान्भित घर परिवार संख्या

| | |
|---|---|
| संस्था/उद्यमीले भोगेको वा अनुभुत गरेको व्यवसायगत समस्या | |
| प्रस्ताव किन र के कामको लागि पेश गरिएको हो? | |

| | |
|---|---|
| कार्यक्रममा लैङ्गिक समावेशिता | |
| लाभान्भित घर परिवार संख्या र रोजगारी सृजना | |

४. कार्यक्रम संचालन प्रकृया

| | |
|---|---|
| प्रस्तावको भूमिका ,नविनतम प्रविधिको प्रयोग तथा प्रतिफलको अवधारणा सहित खुलेको कार्यक्रम संचालन विधि उल्लेख गर्ने | |

५. कार्यक्रमबाट हाँसिल हुने उपलब्धिहरु

| | |
|---|---|
| क्षेत्रफल वृद्धिको परिमाण | |
| वार्षिक उत्पादन वृद्धी परिमाण | |
| लाभान्भित वर्गको रोजगारीको अवस्था तथा जिवनस्तरमा आउने सुधार | |
| कार्यक्रम संचालनबाट समुदायमाम पर्ने सकारात्मक प्रभावहरु | |
| कार्यक्रम संचालनबाट पर्ने सक्ने वातावरणिय प्रभावहरु | |

६. आर्थिक प्रस्ताव

| क.स. | मुख्य क्रियाकलापहरु | ईकाई | परिमाण | दर | कुल लागत | प्रस्तावक साझेदारी | पालिका अनुदान |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

| जम्मा | | | | | |
|---|---|---|---|---|---|

७. विगत ३ वर्ष भित्र आफै वा एकाघरको सदस्यले अनुदान प्राप्त गरेको /नगरेको विवरण

| सि.नं. | आवद्ध भई अनुदान प्राप्त गर्ने संस्थाको नाम | अनुदान प्राप्त गर्ने व्यक्तीको नाम | अनुदान प्राप्त गर्ने व्यक्तीसँगको नाता | अनुदान प्राप्त गरेको कार्यक्रमको नाम | अनुदान प्राप्त गरेको आर्थिक वर्ष | अनुदान प्राप्त गराउने निकाय | अनुदान रकम रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रस्तावकको

नामः-

हस्ताक्षरः-

मितिः-

छापः-

अनुसुची — ४

दफा — ४ को उपदफा (ख) सँग सम्बन्धित

(अनुदान नलिएको स्वोःघोषणाको नमुना)

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू
हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार, भोजपुर।

विषयः- स्वघोषणा सम्बन्धमा।

उपरोक्त विषयमा म र मेरो समुह/संस्था/फर्म........................................ ......................... ले विगत ३ वर्षमा कुनैपनि निकायको कृषि अनुदान नलिएको र कार्यक्रम छनौट भएको खण्डमा आगामि ३ वर्षमा कुनैपनि कृषि अनुदान नलिने ब्यहोरा श्रीमान समक्ष घोषणा गर्दछु। तोकिएको अवधिमा कुनैपनि प्रकारको कृषि अनुदान लिएको प्रमाणित भएमा कानून बमोजिम दण्ड जरिवाना भोग्न समेत तयार रहेको ब्यहोरा समेत अनुरोध छ।

दायाँ बायाँ

निवेदकको समुह/संस्था/फर्मः-

ठेगानाः-

प्रस्तावकको नामः-

हस्ताक्षरः-

मितिः-

समुह/संस्था/फर्मको छाप-

अनुसुची — ५

दफा — ४ को उपदफा (ख) सँग सम्बन्धित

(लागत साझेदारी प्रतिवद्धताको ढाँचा)

हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार भोजपुरले मिति.......................... गते प्रकाशन गरेको सूचना बमोजिम हतुवागढी गाउँपालिका वडा नं. ............ .................. गाउँ/टोल स्थायी ठेगाना भएको श्री .................................. ले लागत साझेदारीमा ........................ कार्यक्रम संचालनका लागि पेश गरेको कुल लागतको ......................... प्रतिशत रकम लगानी आफ्नो आन्तरिक श्रोतबाट व्यहोरी उक्त कार्यक्रम सम्पन्न गर्ने प्रतिबद्धता गर्दछु।

दायाँ बायाँ

प्रस्तावकको

नामः

फर्मको नामः-

फर्मको छापः-

हस्ताक्षरः

अनुसुची — ६

दफा — ४ को उपदफा (च) सँग सम्बन्धित

(स्थलगत प्रमाणिकरणका आधारहरु)

| प्रस्तावित कार्यक्रमको नामः- | | | प्रस्तावकको नाम र ठेगानाः- | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| स्थलगत प्रमाणिकरण मूल्याङ्कन फारम | | | | | | | | | |
| क्र.स. | आधारहरु | चेकलिष्ट | अंकभार | | | √ लगाउने | | | प्राप्ताङ्क |
| | | | अति राम्रो | राम्रो | सामान्य | अति राम्रो | राम्रो | सामान्य | |
| १ | प्रस्तावकको प्राविधिक पक्ष | | | | | | | | |
| | | १.१ समान प्रकृतिको कार्य नियमित गरिरहेको अनुभव | १० | ५ | ३ | | | | |
| | | १.२ प्रस्तावित कार्यक्रम लाई टेवा पुग्ने सम्बन्धित विषयको तालिम लिएको | १० | ५ | ३ | | | | |
| २ | प्रस्तावकको लगानीमा सुनिश्चतता | लागत साझेदारी श्रोत | १० | ५ | ३ | | | | |
| ३ | अन्य पक्षहरु | | | | | | | | |
| | | ३.१ व्यवसायिक क्रियाशिलता | ५ | ३ | १ | | | | |
| | | ३.२ व्यवसाय दर्ता , नविकरण भएको नभएको | १० | ५ | ३ | | | | |
| | | ३.३ यस अघि कृषि अनुदान प्राप्त गरेको | ५ | ३ | १ | | | | |
| | | ३.४ व्यवसायको किसिम(सहकारी/समुह/फर्म/कृषि उद्यमी | १० | ५ | ३ | | | | |
| ४ | उत्पादित कृषि उपजको बजारीकरण | बजारको सहजता | १० | ५ | ३ | | | | |
| ५ | भौतिक पुर्वाधार | | | | | | | | |
| | | ५.१ कार्यक्रम संचालनको लागि पर्याप्त जग्गाको उपलब्धता | १० | ५ | ३ | | | | |
| | | ५.२ आवेदको जग्गाको स्वामित्व(आफ्नो, लिज, अर्काको) | ५ | ३ | १ | | | | |
| | | जमिनको उपयुक्तता | ५ | ३ | १ | | | | |
| ६ | सिचाँईको व्यवस्था | सिचाँईको व्यवस्था | १० | ५ | ३ | | | | |
| | | जम्मा | | | | | | | |

प्रस्तावकसँग रहेको भौतिक संरचना विवरण

| क्र.स. | विवरण | परिमाण | अवस्था |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

स्थलगत प्रमाणिकरण टोलिको राय

| क्र.स. | स्थलगत प्रमाणिकरण नाम पद | हुन्छ /हुदैन | हस्ताक्षर |
|---|---|---|---|
| १ | | | |
| | | | |
| | | | |
| २ | | | |
| ३ | | | |

प्रस्तावकको तर्फबाट

नामः-

सहिः

छापः-

## अनुसुची — ७

### दफा — १० सँग सम्बन्धित

(सम्झौता पत्रको नमूना)

हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय घोडेटार, भोजपुरको आ.व. ........... को वार्षिक स्वीकृत कार्यक्रम बमोजिम ................................................................... कार्यक्रम प्रयोजनार्थ मिति .................. मा गरिएको प्रस्ताव आव्हानको सूचना अनुसार दर्ता भएका प्रस्ताव उपर यस कार्यालयको मिति ...................... गतेको निर्णायानुसार श्री ..............................................................को प्रस्ताव छनौट भई **हतुवागढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, घोडेटार , भोजपुर** (यसपछि प्रथम पक्ष भनिने) र **श्री** .............................................................(यसपछि दोश्रोपक्ष भनिने) का बीच तपसिल बमोजिमका शर्तहरु पालना गर्नेगरी र कार्यक्रमको स्वीकृत लागत ईस्टिमेट अनुसारको क्रियाकलाप संचालन गर्न मञ्जुर गरी मिति ...................... गते यो सम्झौता गरिएको छ।

१. यो सम्झौता सम्झौताकारी दुवै पक्षबाट हस्ताक्षर भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ र प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५यो सम्झौताको अभिन्न अङ्ग मानिने छ।

३. दोस्रो पक्षले विगत ३ बर्ष भित्र संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारका कुनै पनि निकायबाट अनुदान प्राप्त नगरेको स्व-घोषणा गलत ठहरिएमा यो सम्झौता खारेज गरिने छ ।

४. यस सम्झौताको कुल रकम (सबै प्रकारको करसहित) पहिलो पक्षको अनुदान रु. ........................................(अक्षेरुपी रु. ..................................................) र दोश्रो पक्षको साझेदारी रकम रु. ................................................ (अक्षेरुपी रु. .................................................) गरि जम्मा **रु. ..................................**( अक्षेरुपी रु. ....................................................... ) रहेकोछ ।

५. दोस्रो पक्षले प्रस्तावित गरेको व्यवसाय कम्तिमा ५ वर्ष निरन्तर रुपमा सञ्चालन गर्नुपर्नेछ । निर्माण भएका संरचनाहरु र खरिद गरिएका यन्त्र उपकरणहरु अन्यत्र प्रयोग गर्न वा बिक्रि वितरण गर्न पाईने छैन ।

६. दोश्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका क्रियाकलापहरु सम्झौता भएको मितिले ७ (सात) दिन भित्र शुरु गर्नुपर्नेछ ।

७. दोश्रो पक्षले ......................... भित्रमा स्वीकृत लागत ईस्टिमेट बमोजिमको क्रियाकलापहरु सम्पन्न गरी भुक्तानीका लागि प्रथमपक्षसँग अनुरोध गर्नुपर्नेछ।

८. दोश्रो पक्षले ईष्टमेटमा उल्लेखित सम्पूर्ण काम सम्पन्न भएपछि भुक्तानीका लागि अनुरोध गर्दा वडा कार्यालयको सिफारिस, वीलविजक, कार्यसम्पन्न प्रतिवेदन (फोटो समेत) सहित भुक्तानीका लागि अनुरोध गर्नुपर्नेछ।

९. दोश्रो पक्षले कार्यक्रम सम्पन्न भएपछि स्थानीय जनप्रतिनिधी समेतको उपस्थितिमा सार्वजनिक सुनुवाई गरी सोको फोटो सहित माईन्युट गरी प्रतिलिपी पेश गर्नुपर्नेछ।

१०. प्रथम पक्षले सम्पन्न भएको कामको स्थलगत निरीक्षण गरी तयार गरेको कार्यसम्पन्न प्रतिवेदन र स्थलगत निरीक्षण मनासिव ठहरेमा विलको आधारमा नियमानुसार लाग्ने कर कट्टा गरी सम्बन्धित अनुदानग्राहीको बैंक खाता मार्फत् अनुदान रकम भुक्तानी गरिनेछ। सम्झौता बमोजिम दोश्रो पक्षले सन्तोषजनक रुपमा कार्य नगरेको पाईएमा पहिलो पक्ष भुक्तानी गर्न बाध्य हुने छैन ।

११. दोश्रो पक्षले कार्यक्रम सम्पन्न भएपछि पहिलो पक्षले तोके बमोजिमको ढाँचामा होर्डिङ्गवोर्ड राख्नुपर्नेछ ।

१३. यस सम्बन्धि कुनै असमझदारी भएमा कार्यालयको निर्णय नै अन्तिम मानिनेछ । सम्झौतामा उल्लेख भएको कुराहरुमा यस बमोजिम र अन्य कुराहरुमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

१३. उपरोक्त अनुसारका बुँदाहरुमा दुवै पक्ष सहमत भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं।

**<u>पहिलो पक्षको तर्फबाट</u>**

नामः

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

मितिः

कार्यालयको छापः

**<u>साक्षी</u>**

नाम/पदः

दस्तखतः

**<u>दोश्रो पक्षको तर्फबाट</u>**

नामः

पदः

दस्तखतः

मितिः

संस्थाको छाप

**<u>साक्षी</u>**

नाम/पदः

दस्तखतः

अनुसुची — ८

दफा — १५ को उपदफा (ज) सँग सम्बन्धित

**(हलगोरु वितरण कार्यक्रम संचालानार्थ कृषकले पेश गरेको प्रस्तावको मूल्यांकनको आधारहरु)**

कार्यक्रमको नाम:

प्रस्तावकको नामथरः- ठेगानाः-

हस्ताक्षरः- मितिः-

| क.सं. | निवेदन फारम मूल्याङ्कन मापदण्ड | पूर्णाङ्क अंक | अंकभार रेजा लगाउने | | | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| १ | प्राविधिक पक्ष | ४० | सामान्य | राम्रो | अति राम्रो | |
| | १.१ पशु पालनको अनुभव | १० | पशुपालनको खासै अनुभव नभएको (३) ☐ | विगत १० वर्षदेखी पशुपालन गरेको (५) ☐ | विगत १५ वर्षदेखी पशुपालन गरेको (१०) ☐ | |
| | १.२ पशु आहाराको अवस्था र उत्पादन | १० | पर्याप्त पशुआहारको व्यवस्था नभएको ☐ | कम्तिमा ५० डाले घाँस तथा २ रोपनिमा भुँई घाँस भएको(५ ☐ | कम्तिमा १०० डाले घाँस, ४ रोपनिमा भुँई घाँस ☐ भएको(१०) | |
| | १.३ गोठ सुधार भएको /नभएको | १० | नभएको(५) ☐ | नभएको (५) ☐ | भएको (१०) ☐ | |
| | १.४ जग्गाको उपलब्धता(अधियाँ, ठेक्का, भाँडामा लिएको समेत) | १० | पर्याप्त जग्गा नभएको(३) ☐ | कम्तीमा ५ रोपनी (५) ☐ | कम्तीमा १० रोपनी (१०) ☐ | |
| २ | आवेदकको व्यक्तिगत विवरण | ३० | | | | |
| | २.१ आर्थिक स्थिती | १० | सम्पन्न (२) ☐ | सामान्य(५) ☐ | विपन्न(१०) ☐ | |
| | २.२ दलित,जनजाती,एकल महिला/पुरुष, अपाङ्गता, पिछडिएको वर्ग भए/नभएको | १० | ५ ☐ | ५ ☐ | लक्षित वर्ग (१०) ☐ | |
| | २.३ हलगोरु मौज्दात भए /नभएको | १० | भएको (०) ☐ | वहरगोरु भएको(४) ☐ | नभएको (१०) ☐ | |
| ३ | लगानी श्रोतको सुनिश्तिता | १० | सुनिश्चिता नभएको (३) ☐ | कर्जा लिएर (८) ☐ | आफ्नै (१०) ☐ | |
| ४ | प्राविधिक ज्ञान सिप बारे जानकारी तथा प्रयोगको स्थिति | १० | सामान्य(५) ☐ | राम्रो (८) ☐ | अति राम्रो (१०) ☐ | |
| ५ | कार्यक्रमको दिगोपनाको स्थिति | १० | सामान्य(५) ☐ | राम्रो (८) ☐ | अति राम्रो (१०) ☐ | |
| | जम्मा | १०० | | | | |

स्थलगत प्रमाणिकरण टोलीको राय

| क.सं. | पद | नाम | राय | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |

## अनुसुची — ९

### दफा — १५ को उपदफा (ज) सँग सम्बन्धित

### (अनुदानमा प्राप्त हलगोरु विक्री नगर्ने शर्तनामा ढाँचा)

लिखितम कोशी प्रदेश भोजपुर जिल्ला हतुवागढी गाउँपालिका वडा नं. ...... बस्ने ......................... को नाती/नातिनी .............................. को छोरा/छोरी/बुहारी .......................................... को म ........................................ ले हतुवागढी गाउँपालिकाको कार्यालय, घोडेटार, भोजपुरबाट नियमानुसार ............. प्रतिशत अनुदानमा जम्मा खरीद मुल्य रु.............
.................................... मा हलगोरु खरीद गरी लिएको छु । उक्त हलगोरु आजको मितिले ५ वर्षसम्म कसैलाई विक्री वितरण वा भाँडामा दिने छैन र दिएको अवस्थामा म माथी नियमानुसार हुने कारबाही सहर्ष स्वीकार्ने सहमतीका साथ मेरो राजी खुसीले यो शर्तनामा गरि दिए ।

| दाँया | बाँया |
|---|---|
| | |

अनुदानग्राहीको नाम,थरः-

हस्ताक्षरः-

ल्याप्चेः-

साक्षीहरुः-

| नाम | | ठेगाना | हस्ताक्षर | औठाँछाप | |
|---|---|---|---|---|---|
| | | | | दाँया | बाँया |
| उक्त जग्गाको पुर्व तर्फको सधिँयारको | | | | | |
| उक्त जग्गाको पश्चिम तर्फको सधिँयारको | | | | | |
| उक्त जग्गाको उत्तर तर्फको सधिँयारको | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| उक्त जग्गाको दक्षिण तर्फको सधिँयारको | | | | | |

सम्बन्धित वडाका वडाध्यक्ष श्री ...............................

ईति संवत २०..... साल .............. महिना ............गते.......... रोज शुभम ।

## अनुसुची — १०

### दफा — १५ को उपदफा (ङ) सँग सम्बन्धित

### (प्लास्टिक घर निर्माणको लागि पेश गरेको प्रस्तावको मूल्यांकनको आधारहरु)

| क्र.स. | मूल्यांकनका आधार | मापदण्ड र अंकभार | रेजा लगाउने | प्राप्ताङ्क |
|---|---|---|---|---|
| १ | **प्राविधिक पक्ष** | | | |
| | | १.१ प्लास्टिक घर निर्माण गर्ने स्थलमा सुर्यको प्रकाश पर्याप्त पर्ने, समथल , पर्याप्त जग्गाको उपलब्धता (प्राविधिक रुपमा उपयुक्त) (२०) | | |
| | | १.२ मापदण्ड वुदा नं. १.१ बमोजिम नभएको यद्यपी प्लास्टिक घर निर्माण गर्न सकिने (१५) | | |
| | | १.३ प्राविधिक रुपमा अनुपयुक्त (०) | | |
| 2 | **सिचाँईको श्रोत** | | | |
| | | २.१ भएको (२०) | | |
| | | २.२ नभएको (१०) | | |
| 3 | **प्रायोजन** | | | |
| | | ३.१ तरकारी खेती (१५) | | |
| | | ३.२ अन्य (५) | | |
| ४ | **आवेदकको अनुभव** | | | |
| | | ४.१ विगत ३ वर्ष भन्दा वढी समयदेखी व्यवसायिक तरकारी खेति गरिहेको (१५) | | |
| | | ४.२ विगत ३ वर्ष भन्दा कम समयदेखी व्यवसायिक तरकारी खेति गरिहेको (१०) | | |
| | | ४.३ तरकारी खेति गरिरहेको तर व्यवसायिक रुपमा नगरेको (५) | | |
| | | ४.४ तरकारी खेतीको अनुभव नभएको(३) | | |
| ५ | **आवेदक** | | | |
| | | ५.१ कृषक समुह / कृषि सहकारी/ कृषि फर्म (१५) | | |

| | | | | |
|---|---|---|---|---|
| | | ५.२ व्यक्तिगत (१०) | | |
| ६ | **अनुदानको अवस्था** | | | |
| | | ६.१ यस भन्दा अगाडी प्लास्टिक टनेल अनुदानमा प्राप्त नगरेको (१५) | | |
| | | ६.२ यस भन्दा अगाडी प्लास्टिक टनेल अनुदानमा प्राप्त गरेको (५) | | |
| | | जम्मा | | |

स्थलगत अनुगमनकर्तालेभर्ने

कृषक समुह/फर्म / उद्यमीले माग गरेको प्लास्टिक टनेल संख्या …………..

स्थलगत अनुगमन पछि उपलब्ध गराउन सिफारिस गरिएको प्लास्टिक टनेल संख्या …………

| नाम पद | हस्ताक्षर |
|---|---|
| | |
| | |
| | |

## अनुसुची — ११

## दफा — १५ को उपदफा (च) सँग सम्बन्धित

**(प्लास्टिक पोखरी निर्माणको लागि पेश गरेको प्रस्तावको मूल्यांकनको आधारहरु)**

| क्र.स. | मापदण्डहरु अनुसारका अंक | रेजा लगाउने | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **जग्गाको उपलब्धता** | | |
| | १.१ ११ मिटर लम्बाई र ९ मिटर चौडाई भन्दा वढी क्षेत्रफल भएको जग्गाको उपलब्धता (२०) | | |
| | १.२ ९ मिटर लम्बाई र ७ मिटर चौडाई सम्म क्षेत्रफल भएको जग्गाको उपलब्धता (१५) | | |
| | १.३ 9मिटर लम्बाई र 7मिटर चौडाई भन्दा कम क्षेत्रफल भएको जग्गाको उपलब्धता (१०) | | |
| 2 | **संकलन हुने पानिको श्रोत** | | |
| | २.१ वर्षात+ धाराबाट खेर जाने पानी + भलको पानि (२०) | | |
| | २.२ वर्षात (१५) | | |
| | २.३ भलको पानि (१०) | | |
| | २.४ पानी संकलन हुने श्रोत नभएको (५) | | |
| 3 | **प्रायोजन** | | |
| | ३.१ सिचाई (२०) | | |
| | ३.२ अन्य (१०) | | |
| 4 | **आवेदक** | | |

| | | | | |
|---|---|---|---|---|
| | | ४.१ कृषक समुह / कृषि सहकारी/ कृषि फर्म (१०) | | |
| | | ४.२ व्यक्तिगत (८) | | |
| ५ | **प्राविधिक पक्ष** | | | |
| | | 5.१ पोखरी निर्माण गर्ने ठाउँ खेति गर्ने ठाउँ भन्दा केही अग्लो ठाउँमा भएको, धेरै भिरालो नभई सकभर समथल भएको, ढुङ्गा र गेगर कम भई चिम्ट्याईलो माटो भएको, सकेसम्म कम घाम पर्ने (२०) | | |
| | | ५.२ मापदण्ड वुदा नं.५.१ बमोजिम नभएको यद्यपी पोखरी निर्माण गर्न सकिने (१५) | | |
| | | ५.३ पोखरी निर्माण गर्न अनुपयुक्त (०) | | |
| ६ | **अनुदानको अवस्था** | | | |
| | | ६.१ यस भन्दा अगाडी प्लास्टिक पोखरी निर्माण शिर्षकमा अनुदान प्राप्त नगरेको (१०) | | |
| | | ६.२ विगत ३ वर्ष भन्दा अगाडी प्लास्टिक पोखरी निर्माण शिर्षकमा अनुदान प्राप्त गरेको (८) | | |
| | | ६.३ विगत ३ वर्ष भित्र प्लास्टिक पोखरी निर्माण शिर्षकमा अनुदान प्राप्त गरेको (०) | | |
| जम्मा | | | | |

अनुसुची — १२

दफा — १६ को उपदफा (क) सँग सम्बन्धित

कृषक समुहको विधानको नमूना

**प्रस्तावना :-** कृषिजन्य वस्तुको उत्पादन, उत्पादकत्व बढाउन, उत्पादन सामाग्री सुलभ बनाउन उत्पादित सामाग्रीको बिक्रि वितरण, भन्डारण व्यवस्थापन गरी उन्नत विउ एवं आयवृद्धि, बचत संकलनबाट आत्मनिर्भर हुनको लागि हतुवागढी गाउँपालिकाको कार्यालयको सहयोगमा श्री .................... कृषक समुह गठन गरियो ।

१. प्रारम्भिकः

**१.१ संक्षिप्त नाम र प्रारम्भः**

क) यस समुहको नाम “श्री ...................... कृषक समुह, .................. रहने छ ।

ख) यो विधान हतुवागढी गाउँपालिकाको कार्यालयमा कृषि दर्ता भएपछि तुरुन्त लागू हुनेछ ।

**१.२ परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो विधानमा

क) समुह भन्नाले यस विधानमा उल्लेखित कृषि कार्यद्धारा कृषि उपजको उत्पादन, उत्पादकत्व बढाई आयआर्जनमा संलग्न कृषकहरुको समुहलाई जनाउने छ ।

ख) सदस्य भन्नाले कृषक जो............... कृषक समुहको उद्देश्य अनुसार उत्पादन, उत्पादकत्व बढाउन विधानको दफा ३ बमोजिम सदस्यता लिएको हुन्छ लाइ जनाउनेछ ।

ग) कार्य समिति भन्नाले "विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष तथा सदस्य पदाधिकारीहरुलाई जनाउने छ ।

**घ)** साधारण सभा भन्नाले यस विधानको दफा ४ बमोजिम गठित सभालाई जनाउनेछ ।

**१.३ समुहको छापः** हतुवागढीको लोगो अंकित गोलो घेराभित्र यस समुहको नाम, ठेगाना "श्री ............... कृषक समुह, .......... साल हुनेछ ।

**१.४ समुहको कार्यालयः** यस समुहको कार्यालय भोजपुर जिल्ला हतुवागढी गा.पा. वडा नं. ......... मा रहनेछ ।

**१.५ समुहको दर्ताः**

कृषक समुह गाउँपालिकाको कार्यालयमा दर्ता गर्नुपर्नेछ । साथै अनिवार्यरुपमा आन्तरिक राजश्व कार्यालयमा समेत दर्ता गरि स्थाई लेखा नम्बर (PAN) लिनुपर्नेछ ।

**२.उद्देश्य र कार्यः**

**२.१ उद्देश्य**

**समुहको मुख्य उद्देश्य देहाय अनुसार हुनेछ ।**

क) कृषि व्यवसायलाई आधुनिकिकरण एवं विविधिकरण गरि उत्पादकत्व, उत्पादन वृद्धिका लागि एक जुट भई काम गर्ने ।

ख) सदस्यहरुको आर्थिक तथा सामाजिक जिवनस्तर उठाउने ।

ग) सदस्यहरुमा स्वावलम्बनको ज्ञान, पारस्परिक सहयोग र मितव्ययितताको भावनाको विकास गर्ने ।

समुहको विधानको बुंदा २.१ बमोजिमका उद्देश्यहरु प्राप्त गर्न यो समुहले देहाय बमोजिमका कार्यहरु गर्नेछ ।

१. उन्नत प्रविधिबाट खेति गरि उत्पादन एवं उत्पादकत्व बढाउने
२. विज वृद्धि गरि आत्मनिर्भर हुने
३. उन्नत प्रविधि अपनाउने
४. कृषि उत्पादनबाट आयवृद्धि गर्ने
५. समुहमार्फत बजार व्यवस्थापन गर्ने
६. कृषकहरुद्धारा उत्पादित वस्तुको बजार मुल्यमा एकरुपता ल्याउने
७. उचित भण्डारणको नविनतम् प्रविधि अवलम्वन गर्ने ।
८. सदस्यहरुको सिप विकासका लागि कार्यक्रमहरु तर्जुमा गरि सञ्चालन गर्ने ।
९. समुहको वार्षिक कृषि योजना तयार गरि लागू गर्ने
१०.वार्षिक बाली पात्रो बनाई सोहि अनुसार सामुहिक खेति गर्ने, विक्रिवितरण र भण्डारण गर्ने ।
११. सघन कृषि विकास कार्यक्रम, पकेट प्याकेज कार्यक्रम लगायतका कृषि विकासका कार्यक्रमलाई सघाउ पुर्याउने ।
१२. हितकोष संकलन, परिचालन, सदस्यहरुलाई ऋण सेवा उपलब्ध गराउने ।
१३. अन्य कृषि विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**३.सदस्यता :-** एउटै उद्देश्य, समान आर्थिक अवस्था भएका र यस समुहको विधानको परिधिभित्र रहने इच्छा भएका व्यक्तिहरु समुहको सदस्य हुने छन् ।

**३.१ सदस्यको लागि योग्यता**

क) आफैं खेतीपाती गरेको/गर्न सक्षम भएको ।

ख) समूहको उद्देश्य अनुरुप कार्य गर्न ईच्छुक भएको ।

ग) समूहको विधान अनुसार कार्य गर्न मन्जुरी भएको ।

घ) कृषक-कृषक बीच आपसी सहयोग बढाउन ईच्छुक भएको ।

ङ) सदस्यताको लागि १८ वर्ष उमेर पुगेको हुनुपर्ने छ ।

**३.२ साधारण सदस्य** :सदस्यता शुल्क रु. ..... तिरी साधारण सदस्यताको निवेदन दिई कार्य समितिको निर्णय बमोजिम साधारण सदस्यता प्राप्त गर्न सक्ने छ । यस्तो सदस्यले मासिक बचत रु. ...... प्रत्येक महिना जम्मा गर्नुपर्नेछ । समूह गठन भईसकेपछि कुनै पनि योगयता पुगेको व्यक्तिले समूहको सदस्यता लिन चाहेमा समूहमा आवद्ध प्रति सदस्य बराबर उक्त मितिसम्म संचित हितकोष र सोको व्याज साथै नियमानुसारका अन्य शुल्क बुझाई सदस्यता प्राप्त गर्न सक्नेछ ।

**३.३ सदस्यता कायम नरहने अवस्था (सदस्यको अयोग्यता)**

कार्य समितिले निम्न अवस्थामा सदस्यहरुलाई सदस्यताको लागि अयोग्य ठहराइ सदस्यता समाप्त गर्न सक्नेछ ।

क) तोकिएको मासिक बचत तथा अन्य तिर्नुपर्ने रकम ३ महिना सम्म नतिरेमा ।

ख) विधानको उद्देश्य विपरित कार्य गरेमा वा समूहको रकम वा कागजात हिनामिना गरेमा वा अन्य कुनै कारणले कार्य समितिबाट निष्काशन गरेमा ।

ग) सदस्यताबाट राजीनामा दिएमा (सदस्य रहन नचाहेर लिखित निवेदन कार्य समितिले सदर गरेमा)

घ) अपराधिक कार्यमा संलग्न भएको दोष प्रमाणित भएमा ।

ङ) कृषि पेशा त्यागी अन्य कार्य गर्न थालेमा ।

च) मृत्यु भएमा ।

छ) समूहको सिद्धान्त वा प्रतिष्ठामा आचँ आउने कार्य गरेमा ।

ज) कानुन विपरित कार्य गरेमा ।

**४. साधारण सभा तथा कार्य समिति**

**४.१ साधारण सभाः**

यस समूहको सदस्यता प्राप्त सम्पुर्ण सदस्य साधारण सभाको सदस्य हुने छन् यो समूहको उच्चतम निकाय हुनेछ । यसले विधान पारित एवं संशोधन गर्न सक्ने छ । साधारण सभा वर्षमा एक पटक बस्नेछ तर आवस्यक्ता अनुसार जुनसुकै बेला साधारण सभा बोलाउन सकिने छ ।

**४.२ साधारण सभाको अधिवेशनः**

कार्य समितिले तोकेको मिति र समयमा यस समूहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सूचनाद्धारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, समय, मिति तथा एजेन्डाको जानकारी गराउनु पर्नेछ ।

**४.३ साधारण सभाको काम, कर्तव्य र अधिकार :**

क) कार्य समितिको निर्वाचन गर्ने तथा गठन गर्ने ।

ख) विधान संशोधन गर्ने ।

ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।

घ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

ङ) समूहको वार्षिक कार्य योजना बनाउने ।

च) समूहले कार्य योजना बनाउँदा कम्तिमा ६० प्रतिशत कृषि कार्यक्रम बनाउने ।

छ) कानुनले तोके बमोजिम अन्य कार्य गर्ने ।

**४.४ साधारण सभाको गणपूरक संख्याः**

समूहको साधारण सभाको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्यहरुको उपिस्थितमा हुनु पर्नेछ । तोकिएको संख्यामा उपस्थिति नभए ७ दिन भित्र अर्को सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सदस्यको ३३ प्रतिशत उपिस्थिति भएमा पनि यो सभाको बैठक बस्नेछ ।

**४.५ कार्य समिति गठन विधि** :

क) कार्य समिति ७ देखि ११ सदस्य हुनेछ ।

ख) कार्य समितिमा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सदस्य हुने छन् । आवस्यकता अनुसार उपाध्यक्ष तथा सह-सचिवको पनि व्यवस्था गर्न सकिने छ ।

ग) कार्य समितिका पदाधिकारीहको नियमित बैठक हरेक महिनाको ..............गते/दिन हुनेछ । तर आवस्यकता भए जुनसुकै समयमा पनि बस्न सक्ने छ ।

घ) कार्य समितिको पदाधिकारीहरुको कार्य अवधि २ वर्षको हुनेछ ।

ङ) कार्य समितिको कुनै पद खाली भएमा साधारण सदस्य मध्येबाट कसैलाई पनि कार्य समितिको पदमा समितिको बहुमतबाट मनोनित गर्न सक्नेछ ।

च) कार्य समितिको गणपुरक संख्या २/३ लाई मानिनेछ तथा निर्णय बहुमतद्धारा हुनेछ ।

छ) साधारण सभाका सदस्यहरुले आफुमध्येबाट निर्वाचन प्रकृयाद्धारा अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा अन्य पदाधिकारीहको चयन गरि कार्य समिति गठन गर्नेछ तर अध्यक्ष, सचिव वा कोषाध्यक्ष मध्ये एक पदमा महिला सदस्य अनिवार्य रुपमा हुनु पर्दछ ।

**४.६ कार्य समितिको काम, कर्तव्य र अधिकार** :

क) विधानको परिधि भित्र रही, समूहको उद्देश्य अनुरुप साधारण सभाले गरेको निति निर्देशनलाई पालन गर्ने ।

ख) समूहको वार्षिक कार्यक्रम बनाउने तथा समूहको कृयाकलाप संचालन गर्ने ।

ग) सरकारी तथा गैरसरकारी संस्थाहरु सँग सम्पर्क वृद्धि गर्ने तथा कृषि सम्बन्धी अन्य सघं संस्थाहरु सँग सम्पर्क गरि बढी भन्दा बढी सहयोग प्राप्त गर्ने ।

घ) सहकारीमा जाने प्रयास गर्ने ।

ङ) समूहको कार्ययोजना बनाई लागु गर्ने ।

च) समूहको वार्षिक प्रतिवेदन बनाउने र प्रस्तुत गर्ने ।

छ) अन्य तोकिए बमोजिम कार्य गर्ने ।

**४.७ समूहको बैठक** :- समूहको नियमित बैठक प्रत्येक महिनाको ........ गते बस्ने छ । समूहको बैठक कार्य समितिले निधो गरेको स्थान, समय र मितिमा नियमित रुपमा बस्ने छ । पुर्व निर्धारित

बैठकमा कुनै सदस्यले भाग लिन नसक्ने भएमा सो को जानकारी कारण सहित पहिले नै दिनुपर्नेछ। लगातार तीन बैठकमा अनुपस्थित हुने सदस्यलाई समूहको सहमतिको आधारमा निष्कासित गरिनेछ ।

**५.पदाधिकारीको काम, कर्तव्य र अधिकार**

## ५.१ अध्यक्षको काम, कर्तव्य र अधिकारः

- आवस्यकता अनुसार समूहको बैठक र साधारणसभा बोलाउने ।
- बैठकको अध्यक्षता गर्ने तथा बैठक नियन्त्रण गर्ने ।
- समूहलाई कृयाशील गराउने र उद्देश्य प्राप्तिका लागि आवस्यक कार्य गर्ने ।
- कुनै विषयमा मतदान हुँदा मत बराबर भएमा निर्णायक मत दिने ।
- विधानमा तोकिए अनुसार साधारण सदस्यले मांग गरे अनुरुप विशेष साधारण सभा बोलाउने ।
- समूहले तोकेको काम कारबाही गर्ने ।
- समूहमा उठेका विवाद समाधान गर्ने ।
- समूह र स्थानीय तहको सम्बिन्धत निकायहसँग सम्पर्क व्यक्तिको रुपमा काम गर्ने ।
- समूहको निणर्य, कार्यक्रम र कृयाकलाप, भएका कारवाही एवं समस्याहको अभिलेख राख्न सचिवलाई सहिजकरण गर्ने ।
- वार्षिक कार्ययोजनाको कार्यान्वयन एवं समूह परिचालनको नेतृत्व लिने ।
- समूह बैठकमा भएका निर्णय, वार्षिक साधारणसभा, समितिका निर्णय, वार्षिक प्रगति प्रतिवेदन लगायतका कागजातहरु आवस्यकता अनुसार सम्बिन्धत निकायमा पेश गर्ने ।
- समूह सदस्यहरुलाई आफ्ना समस्याहरुको पहिचान र तिनको प्राथमिकता तोक्न सघाउने साथै उक्त समस्याहरु समाधान गर्न कार्यक्रम बनाउन र कार्यान्वयन गर्न लगाउने ।
- सदस्यहलाई कृयाशिल गराई समन्वय र सहकार्य गर्ने ।
- समूह सदस्यहरुबीच मतभेद व्यवस्थापनका लागि सहजिकरण गर्ने ।

## ५.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

- अध्यक्षको कार्यमा सहयोग गर्ने ।
- अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सबै कार्य गर्ने ।
- कार्य समितिले तोकेको कार्य गर्ने ।

## ५.३ सचिवको काम, कर्तव्य र अधिकारः

- ✓ अध्यक्षसंगको परामर्शमा बैठक बोलाउने ।
- ✓ बैठकको तयारी गर्ने ।
- ✓ समूहको निर्णय पुस्तिका तयार गर्ने ।
- ✓ समूहको सम्पूर्ण कागजातहरु सुरक्षित राख्ने ।
- ✓ समूह बैठक एवं साधारणसभाबाट पारित निर्णयको कार्यान्वयनका लागि पहल गर्ने ।
- ✓ वार्षिक प्रतिवेदन तयार पारी साधारणसभामा पेश गर्ने ।
- ✓ समूहको कार्ययोजना निर्माणमा सहयोग गर्ने ।
- ✓ कार्य समितिले तोकेको कार्य गर्ने ।

## ५.४ कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः

- समूहको हितकोष रकम नियमित उठाउने र फरफारक गर्ने ।
- समूहको हितकोष व्यवस्थापन गर्ने ।
- समूहको सबै कोषको हिसाब किताब सुरिक्षत र दुरुस्त राख्ने ।

- समूहको चल, अचल सम्पूर्ण सम्पतिको सुरक्षाको जिम्मेवारी लिने ।
- समूहको वार्षिक बजेट तयार पार्न र साधारणसभामा वार्षिक प्रतिवेदन पेश गर्ने एवं लेखापरिक्षण गराउने ।
- समूह अध्यक्ष वा सचिवसँग मिली खाता संचालन गर्ने।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

## ५.५ कार्य समिति सदस्यहरुको काम, कर्तव्य र अधिकारः

- आवस्यकता अनुसार समूहका अन्य उपसमितिमा रहि जिम्मेवारी बहन गर्ने ।
- कार्य समितिले तोकेको अन्य कार्य गर्ने ।

### ६. आर्थिक व्यवस्था

## ६.१ आर्थिक श्रोत :

क) यस समूहको सदस्यहरुबाट उठेको सदस्यता शुल्क

ख) समूहको अन्य कृयाकलापबाट भएको आम्दानी

ग) समूहको सदस्यले बचत गर्ने मासिक रकम

घ) समूहबाट ऋण लगानी गर्दा उठेको व्याज

ङ) समूहले अन्य संघ/ संस्थाबाट पाएको अवसरबाट समूह सदस्यले पाउने निश्चित पारिश्रमिकबाट ........... प्रतिशत लेबी रकम ।

च) समूह सदस्यले आफ्नो नामबाट गरेको बचत

छ) बिलम्व शुल्कबाट प्राप्त रकम ।

ज) अन्य कानुन अनुसार प्राप्त हुने रकम ।

### ६.२ हितकोष :

क) श्री .............................कृषक समूहको एक हितकोष हुने छ ।

ख) श्री .............................बैंकमा समूहको खाता रहने छ ।

### ६.३ हितकोष परिचालन :

क) हितकोष रकमको कम्तीमा ५०-१०० प्रतिशत कृषि कार्यमा लगानी गर्नु पर्नेछ ।

ख) समूह सदस्यलाई आवस्यकता भएमा हितकोषबाट ऋण/ सापटी लिन सकिने छ।

ग) सदस्यले ऋण माग गर्न कार्यालयले तोकेको ढाँचामा निवेदन दिनुपर्ने छ ।

घ) कृषि कार्यको लागि लिइएको ऋणमा .......... प्रतिशत मासिक व्याज लाग्नेछ ।

ङ) अन्य ऋणमा ........ प्रतिशत मासिक व्याज लाग्ने छ ।

च) मासिक व्याज, मासिक बचत रकम एवं ऋणी सदस्यले तोकिए बमोजिम ऋण किस्ता प्रत्येक महिना बुझाउनुपर्नेछ ।

छ) ऋण लिंदा ऋण रकमको ......... प्रतिशत सेवा शुल्क बुझाउनु पर्नेछ ।

ज) ....................बैंकमा समूहको अध्यक्ष वा सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

श्रोत/हितकोष परिचालनका उपायहरुलाई मुख्यतया दुई वर्ग (आवस्यक खर्च र आन्तिरक लगानी) मा विभाजन गर्न सकिन्छ।

## क)आवस्यक खर्चः

आवस्यक खर्च भन्नाले समुहको कार्यालय र प्रशासनिक खर्च भन्ने जनाउँदछ । जस्तै :-

- ✓ कार्यालय खर्च (कापी, कलम, बिल, भौचर, फाइल, रजिष्टर, खाता, पत्रपत्रिका)
- ✓ फर्निचर खर्च
- ✓ ढुवानी तथा घर भाडा
- ✓ अन्य संस्थासँग सदस्यता लिंदा तिर्नुपर्ने खर्च र वार्षिक नविकरण खर्च

- ✓ लेखा परिक्षण खर्च
- ✓ कर्मचारी पारिश्रमिक खर्च
- ✓ साधारण सभा खर्च
- ✓ विविध (समूहको बैठकमा चिया नास्ता आदि) ।

**ख) आन्तरिक लगानीः**

आन्तरिक लगानी भन्नाले समूह भित्रको सदस्य बीचको लगानी भन्ने जनाउँदछ । जस्तै :-

- ✓ उत्पादनमूलक कार्य (उत्पादन तथा उत्पादन सामाग्री खरिद-बिक्री)
- ✓ मल, बीउ, बाली संरक्षण, तरकारी बोट विरुवा किन्न र प्रयोग गर्न
- ✓ आयमुलक कार्य गर्न (फलफुल खेति, बंगुरपालन आदि)।
- ✓ घरेलु आयमुलक कार्य गर्न (स्थानीय सिप, रेशम पालन, सिलाई बुनाई, मौरी पालन, तरकारी खेती, करेसाबारी आदि)
- ✓ सामाजिक कार्य जस्तै :- सफाई अभियान, पहिरो नियन्त्रण, वृक्षारोपण, कुलो निर्माण, स्वास्थ्य, महिला विकास, वातावरण संरक्षण आदि
- ✓ सिप विकास जस्तै प्याकिङ, नसर्री, तालिम
- ✓ बौद्धिक कार्य जस्तै तालिम, प्रवचन, भ्रमण गोष्ठी आदि ।
- ✓ पूँजी लगानी, कर्जा प्रवाह, शेयर खरिद आदि ।

**६.४ बिलम्ब शुल्क :**

क) मासिक बचत रकम तोकेको समयमा नतिरेमा पहिलो महिना प्रति दिन रु. ......बिलम्ब शुल्क लाग्नेछ ।

ख) दोस्रो महिना प्रति दिन रु. ...... बिलम्ब शुल्क लाग्ने छ ।

ग) तेस्रो महिना प्रति दिन रु............

घ) चौथो महिनाबाट सदस्यता खारेज हुनेछ ।

ङ) प्रत्येक महिना बुझाउनु पर्ने ऋण किस्ता र व्याज नबुझाएमा पहिलो महिना रु....... प्रति दिन दोस्रो महिना रु...... प्रति दिन र तेस्रो महिना रु...... प्रति दिन बिलम्ब शुल्क लाग्ने छ । चौथो महिना ऋण रकम तथा व्याजहरु ऋणी र जमानी सदस्यहरुबाट असुल उपर गरिनेछ ।

च) एक सदस्यको जमानी बसेको सदस्यले अर्कोको पुनः जमानी बस्ने छैन ।

छ) जमानी सदस्यले ऋण पाउने छैन तर ऋणी सदस्यले ऋण तिरीसकेपछि जमानी सदस्यले ऋण पाउन सक्ने छ ।

ज) ऋण लिएको सदस्यले अर्को सदस्यको जमानी बस्न पाउने छैन ।

झ) ऋण लिनको लागि .....सम्म एक सदस्यको जमानी ......सम्म दुई सदस्य र ....सम्मको अवधिको लागि तीन सदस्यको जमानी चाहिनेछ ।

**६.५ लगानीको सुरक्षणः** कुनै पनि व्यक्तिले आफ्नो नाममा जम्मा भएको हितकोषको अधिकतम ९०% सम्म मात्र ऋण लिन पाउने छ ।यदि व्यक्तिको नाममा संकिलत हितकोषको ९०% भन्दा बढी ऋण लिनुपर्ने भएमा सोही समूहका अन्य २ जना सदस्यको सामुहिक जमानीमा ऋण दिन सकिने छ ।ऋण लिने व्यक्तिले तिर्नुपर्ने साँवा र व्याज रकम नतिरेको/तिर्न नसकेको खण्डमा जमानी बसेका सदस्यमार्फत असुल उपर गरिनेछ।यदि जमानी मार्फत पनि असुल उपर हुन नसकेको अवस्थामा नेपाल सरकारको प्रचिलत नियमानुसार कारबाही प्रकृया अगाडी बढाईनेछ । ऋण लगानी

एवं असुल उपर गर्न ऋण उप-समितिको स्वीकृति लिनुपर्ने छ ।ऋण उप-समितिका सदस्यहरु कसैको पनि जमानी बस्न पाईने छैन ।

**६.६ लेखा परिक्षण** : प्रत्येक कृषक समूहले रजिष्टर्ड लेखा परिक्षण अनिवार्य रुपमा गराउनु पर्दछ । यसरी गरिएका लेखा परिक्षणहरु वार्षिक साधारणसभाको पूर्ण बहुमतबाट अनुमोदन गर्नुपर्दछ । मुनाफा सम्पुर्ण सदस्यलाई प्रत्येक वर्षको लेखा परिक्षण पछि निजहरुको हिसाव खातामा जम्मा गर्नुपर्दछ ।

**७. विविध**

**७.१ निर्वाचन सम्बन्धी व्यवस्था :** यस समूहको कार्य समिति कायम रहेको अवस्थामा सोही कार्य समितिले र सो समिति कायम नरहेको अवस्थामा साधारण सदस्यहरुको बैठकले एक स्वतन्त्र निर्वाचन अधिकृत १ सहित ३ सदस्य निर्वाचन समिति नियुक्त गर्नेछ ।निर्वाचन अधिकृतले निर्वाचन अधिकृतमा नियुक्त भएको मितिले एक महिना भित्र निर्वाचन गराई सक्नु पर्नेछ । सो निर्वाचनमा पर्ने खर्च कार्य समितिले व्यवस्था गर्ने छ । यसमा कार्य समितिको पदाधिकारीहरुलाई मतदान वा सहमतिद्धारा साधारण सभाको सदस्यहरुले छान्ने छन् ।

**७.२ पदावधि :-**

क) कार्य समिति सदस्य तथा पदाधिकारीहरुको पदावधि निर्वाचित भएको मिति देखि २ वर्षको हुने छ।

ख) गठित कार्य समितिको पदावधि समाप्त हुन १ महिना अगावै समूहको साधारण सभा बोलाई नयाँ कार्य समितिको चुनाव गराउन अनिवार्य हुनेछ ।

ग) कार्य समितिले विधानमा उल्लेखित आफ्नो कार्यकाल समाप्त हुन १ महिना अगावै निर्वाचन गराउन नसकेको तथा निजको कार्य अवधि समाप्त भएपछि सो कार्य समितिको सदस्यहको समितिले आफ्नो समितिको बैठक बोलाई एउटा तदर्थ (प्रबन्ध वा तयारी) समिति खडा गरी सो तदर्थ समितिद्धारा साधारण सभाको बैठक बोलाई नयाँ कार्य समितिको गठन गर्ने छ ।

घ) कार्य समितिको पदावधि समाप्त हुनु अगावै कार्यरत कार्य समिति कुनै किसिमबाट भंग हुन गएमा भंग भएको कार्य समितिले आफ्नो जिम्मा रहेको कागजपत्र नगद जिन्सी कार्यभार समेत सम्पुर्ण सदस्यको सभा बोलाई अथवा कार्यालय सचिवलाई बुझाई सो को भरपाई लिन पर्नेछ । सो नगरेमा यस समूहलाई हानी नोक्सानी भएमा सो कार्य समितिका अध्यक्ष र सचिव दुवैले संयुक्त रुपमा व्यहोर्नु पर्ने छ ।

**७.३ उम्मेदवारको अयोग्यता :-**

क) (व्यक्ति) जो कृषि पेशामा संलग्न छैन ।

ख) (व्यक्ति) जो कृषिको समूहमा छैन ।

ग) (व्यक्ति) जसले समूहको उद्देश्य विपरीत कार्य गर्दछ ।

घ) (व्यक्ति) जसको मानसिक अवस्था सामान्य छैन ।

ङ) फौजदारी अभियोगमा सजाय पाएको व्यक्ति ।

**७.४ अविश्वासको प्रस्ताव :-** साधारण सभाको सदस्यहरु मध्येबाट एक तिहाई सदस्यहरुले कार्य समिति उपर अविश्वासको प्रस्ताव ल्याई दुई तिहाई सदस्यहरुबाट सो प्रस्ताव पारित भएमा कार्य समिति विघटन हुने छ । तर अविश्वासको प्रस्ताव आएमा सफाईको मौकाबाट बञ्चित गरिने छैन ।

**७.५ राजीनामा :-** यस समूहको अध्यक्षले उपाध्यक्ष (भए) समक्ष वा सचिव समक्ष र अध्यक्ष बाहेक अन्य कार्य समितिका पदाधिकारीहरुले अध्यक्ष समक्ष राजीनामा दिन सक्नेछन् । कार्य समितिको बैठकबाट स्वीकृत नभए सम्म तिनिहरु आफ्नो पदमा बहाली रही रहने छन् ।

**७.६ विधान संशोधन :-** समूहको विधान संशोधन गर्न आवस्यकता पर्न आएमा साधारण सभाको सदस्यहरु मध्येका कम्तिमा ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा विधान मस्यौदा पेश गरिने छ । सदस्यहरु मध्येका उपस्थित सदस्यहरु मध्येका दुई तिहाई बहुमतबाट विधान संशोधन मस्यौदा पारित भएमा विधान संशोधन गरिने छ साथै संशोधित विधान हतुवागढी गाउँपालिकाबाट अनुमोदित नभएसम्म संशोधन भएको मानिने छैन ।

**७.७ नियम बनाउने :-** साधारण सभाले आन्तरिक सञ्चालन नियमहरु बनाउन सक्नेछ ।

**७.८ उप-समितिहरु गठन गर्न सक्नेछ :-** साधारण सभाले एवं कार्य समितिले साधारण सभाको स्वीकृति लिई आफ्ना कार्यक्रमहरु सञ्चालन गरी समूहको लक्ष्य र उद्देश्य पुरा गर्न उपसमितिहरु बनाउन सक्नेछ ।

**७.९ विघटनः** समूहको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकि वा उद्देश्य पुरा गर्न असफल भए वा २ वर्षसम्म समूह नविकरण नभएमा समूह विघटन हुने छ । यसरी समूह विघटन भए बचत रकम सम्पुर्ण सदस्यलाई फिर्ता गर्नुपर्ने छ ।

**७.१० समूह छोड्नुपर्ने अवस्था/ सदस्यको मृत्यु/ सदस्यले पाएको अवसरः** कुनै पनि सदस्यले समूह छोड्न चाहेको खण्डमा निजको नाममा संकलन भएको हितकोष रकमबाट ३% कट्टा गरि बाँकी रकम भुक्तानी दिईनेछ । यदि कुनै सदस्यको मृत्यु भएमा निजले बचत गरेको सम्पुर्ण रकम निजको सवभन्दा नजिकको आफन्तलाई समूहले दिने व्याज सहित फिर्ता दिइनेछ । समूहले कुनै पनि संघ/संस्था/ कार्यालयबाट पाएको कुनै पनि अवसर सामाग्रीहरु आवस्यकता हेरी समूहको बैठकबाट निर्णय गराई पालोपालो गरी सबै सदस्यले पाउने गरी वितरण गरिनेछ ।

**७.११ समूहको चल अचल सम्पति :** समूह विघटन भए पश्चात समूहको चल अचल सम्पति हतुवागढी गाउँपालिकाको कार्यालयको निर्णय बमोजिम हुनेछ। उक्त निर्णय चित्त नबुझेको खण्डमा हतुवागढी गाउँपालिकाको न्यायीक समिति समक्ष निवेदन पेश गर्न सकिनेछ र सो सन्दर्भमा न्यायीक समितिको निर्णय नै अन्तिम हुनेछ ।

अनुसुची — १३

दफा — १६ को उपदफा (क) सँग सम्बन्धित

## समुह दर्ताको लागि निवेदनको नमूना

श्री गाउँ कार्यपालिकाको कार्यालय, हतुवागढी गाउँ कार्यपालिकाको कार्यालय, घोडेटर,भोजपूर ।

श्री...................... को सहयोगमा / हामी आफैं संगठित भई गठन भएको हाम्रो समुह दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी सम्वन्धित वडा कार्यालयको सिफारिस, समूहको विधान र पदाधिकारीहरुको नेपाली नागरिकताको प्रतिलिपि सहित यो निवेदन गरिएको छ ।

तपशिल

**समुहको विवरण**

कृषक समुहको नाम...............................................स्थापना वर्ष...............
हतुवागढी गाउँपालिका वडा नं. ................ टोल .................... भोजपूर
समुहको उद्देश्य................................................ समुहको किसिम.............
सदस्य संख्याः पुरुष................. महिला.................. जम्मा .........................

**पदाधिकारीहरुको विवरण**

| क.स. | नाम | पद | शैक्षिक योग्यता | उमेर | जग्गाको क्षेत्रफल | दस्तखत | फोटो |
|---|---|---|---|---|---|---|---|
| १. | | अध्यक्ष | | | | | |
| २. | | उपाध्यक्ष | | | | | |
| ३. | | सचिव | | | | | |
| ४. | | कोषाध्यक्ष | | | | | |
| ५. | | सदस्य | | | | | |
| ६. | | सदस्य | | | | | |
| ७. | | सदस्य | | | | | |

नियमित बैठक बस्ने दिन......................
प्रति महिना समुहको हितकोषमा जम्मा संकलन हुने रु. .......................
हालसम्म हितकोमा जम्मा रकम रु. ...............................

........................

अध्यक्ष

अनुसुची — १४

दफा — १६ को उपदफा (क) सँग सम्बन्धित

**कृषक समुह दर्ताको प्रमाणपत्रको नमूना**

## कृषक समुह दर्ता प्रमाण-पत्र

समुह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार कार्यलाई टेवा पुर्याउने उद्देश्यले भोजपुर जिल्लाको यस हतुवागढी गाउँपालिका वडा नं. ........ मा मिति ............... मा गठित श्री ....................... कृषक समुहलाई यस कार्यालयको अभिलेखमा दर्ता गरि यो प्रमाणपत्र प्रदान गरिएको छ ।

दर्ता नं:
मिति:

..............................
प्रमुख प्रशासकीय अधिकृत

## नविकरण विवरण

| क्र.स. | नविकरण मिति | | नविकरण दस्तुर रु. | नविकरण गर्ने कार्यालय प्रमुख | कैफियत |
|---|---|---|---|---|---|
| | देखि | सम्म | | | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |

**आज्ञाले :**

**महेश निरौला**

**प्रमुख प्रशासकीय अधिकृत**